# अध्याय : एक

## परिचय

### अध्ययनको पृष्ठभूमि

भाषाशिक्षण भाषिक सीपहरूको शिक्षण हो । प्रभावकारी ढङ्गले भाषाशिक्षण शिक्षण गर्नका लागि भाषा पाठ्यक्रम अनुरूप भाषा पाठ्यपुस्तकको निर्माण र विकास गरिन्छ । कुनै पनि तह वा कक्षाहरूका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई नै भाषा पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यक्रमका भाषिक अपेक्षाहरू पूरा गर्ने गरी खास तह र कक्षाहरूका लागि विशेषज्ञद्वारा लेखन तथा सम्पादन गरिएको शिक्षण सहायक सामग्री नै भाषा पाठ्यपुस्तक हो । यसको पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताहरू हुन्छन् । भाषाको आन्तरिक विशेषतालाई प्राज्ञिक पक्ष भन्ने गरिन्छ । भाषा पाठ्यपुस्तकको यो पक्ष प्राण नै हो । जसमा विषयवस्तु, प्रस्तुती, शब्दभण्डार, भाषा, नमुना, अभ्यास, चित्रहरू, निर्देशन, भूमिका र सन्दर्भसूची आदि जस्ता कुराहरू पर्दछन् । भाषा प्राप्त गर्नु भनेको भाषाका चारवटै सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ,) प्रयोग गर्नु भन्ने बुझिन्छ । यिनै सीपहरू हासिल गर्न निरन्तर अभ्यास महत्वपूर्ण रहन्छ । पाठ्यपुस्तकमा विद्यार्थीहरूको रूचि, क्षमता, स्तर, तह अनुरुप तथा उनीहरूको भाषिक पृष्ठभूमि अनुरूपको नमुना अभ्यास राखिएको हुन्छ । भाषा पाठ्यक्रमले राखेका उद्देश्यहरू तह अनुरूप उपयुक्त तथा राम्रा भए पनि भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको समुचित प्रयोग हुन नसकेमा भाषिक सीपहरू प्राप्त हुन सक्दैनन् । अतः भाषा पाठ्यपुस्तकमा राखिएको नमुना अभ्यासको भूमिका महत्वपूर्ण हुन्छ ।

कुनै पनि विषयक्षेत्रसँग सम्बन्धित सृजनात्मक, रचनात्मक अभ्यासलाई नमुना अभ्यास भनिन्छ । (नेपाली बृहत् शब्दकोश २०४०) ले कुनै पनि पाठका विषयमा निरन्तर दोहोऱ्याई तेहेऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेत गर्नु भन्ने नमुना अभ्यास सम्बन्धी अर्थ प्रस्तुत गरेको पाइन्छ । नमुना अभ्यासको प्रयोगले शिक्षण सिकाइ प्रभावकारी बनाउँछ । सबै नमुना अभ्यासका सबल पक्ष नहुन सक्छन् । गहन रूपमा अध्ययन गर्ने हो भने धेरै दुर्बल पक्षहरू पनि भेटिन्छन् । यद्यपि कुन तहका लागि नमुना अभ्यास निर्माण गरिएको हो सो तहका लागि रुचिपूर्ण, मनोरञ्जनात्मक एवम् व्यवहारिक पनि हुनुपर्दछ । भाषा पाठ्यपुस्तकलाई व्यवहारिक र जीवनोपयोगी बनाउने मुख्य कडी भनेको नमुना अभ्यास हो । यसले विद्यार्थीमा सिर्जनाशीलता, तार्किकता जस्ता पक्षको विकासमा सहयोग पुऱ्याउँछ यसर्थ

भाषा पाठ्यपुस्तकको प्राण नै मान्न सकिने नमुना अभ्यास सम्बन्धी यस अघि नै केही अध्ययन अनुसन्धान भएका छन् यस शोधपत्रमा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन गरिएको छ ।

## समस्या कथन

अनुसन्धान लागि समस्या अत्यावश्यक कुरा हो । अनुसन्धानका लागि छनोट गरिएको कुनै पनि विषयवस्तुलाई समस्याका रूपमा उभ्याइन्छ । अनुसन्धानको विषयवस्तु नै वास्तवमा त्यस अनुसन्धानको समस्या हो । अतः तोकिएको शीर्षकको सापेक्षतामा रहेर भन्दा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन नै यस शोधको समस्याका रूपमा रहेको छ । नेपाली भाषा विद्यालयमा तल्लो तहदेखि उच्च तहसम्म शिक्षााको माध्यमको रूपमा प्रयोग हुँदै आएको देखिन्छ । अन्य विषयभन्दा भाषा विषयका अभ्यासमा भिन्नता हुनु पर्दछ र भिन्नता पाइने पनि गर्दछ । नेपाली विषयको शिक्षण सिकाइ प्रक्रियामा उपयोगमा आउने नमुना अभ्यासले विद्यार्थी लगायत शिक्षकका लागि पनि मूल्याङ्कनको साधनको काम गरेको हुन्छ । नमुना अभ्यासको उपयुक्त बाँडफाँड र मिल्दो तालमेलले प्रस्तुतिमा समेत सरलता आउँछ ।

यस शोधपत्र पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा वि.सं. २०७३ मा प्रकाशित कक्षा नौको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययनमा केन्द्रित रहेको छ । भाषा पाठ्यक्रमले तोकेका उद्देश्यानुरूप भाषा पाठ्यपुस्तकमा अभ्यास राखिनु पर्दछ । भाषा पाठ्यपुस्तकमा छनोट गरिएका विषयवस्तुहरूले विद्यार्थीको ज्ञान, सीप, क्षमता आदिको विकास गराउन समक्ष भए नभएको निर्क्यौल नमुना अभ्यासद्वारा गरिन्छ । ती अभ्यास विधा अनुरूप छन् कि छनन् ? भाषा पाठ्यक्रमले तोकेका उद्देश्य, विषयवस्तु, क्षेत्र, प्रकृति अनुरूप नमुना अभ्यासको छनोट के कसरी गरिएको छ ? विद्यार्थीको तह र स्तर अनुरूप छन् कि छैनन् ? सुनाइ बोलाइ, पढाइ र लेखाइ सीपको तालमेल हुने गरी नमुना अभ्यास राखिएको छ कि छैन ? भन्ने कुराहरूको अध्ययन गर्ने ध्येयले प्रस्तावित शीर्षक छनोट गरिएको हो । अतः निर्धारित शीर्षक अन्तर्गत रहेर अध्ययनका समस्याहरूलाई निम्न रूपमा प्रस्तुत गरिएको छ :

क) भाषा पाठ्यक्रमले तोकेका उद्देश्य अनुरूप नमुना अभ्यास छन् कि छैनन् ?

ख) विधाको प्रकृति अनुरूप नमुना अभ्यास छन् कि छैनन् ?

ग) नमुना अभ्यासमा के कस्ता सबल र दुर्बल पक्ष छन् ?

## अध्ययनको उद्देश्य

शोधको उद्देश्य समस्या कथनमा उठाएका मूलभूत प्रश्नहरूको समाधान हो । विना उद्देश्य शोधकार्य सम्भव छैन । तसर्थ प्रस्तावित शोध निम्न लिखित उद्देश्यमा केन्द्रित रहेको छ ।

क) भाषा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्नु ।

ख) नमुना अभ्यासको विधाको प्रकृतिका आधारमा वर्गीकरण गरी विश्लेषण गर्नु ।

ग) नमुना अभ्यासका सबल र दुर्बल पक्ष केलाई उपयुक्त सुझावहरू प्रस्तुत गर्नु ।

## अध्ययनको औचित्य र महत्व

प्रस्तुत अध्ययनले भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको स्थितिको जानकारी गराउनुका साथै भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासका सबल र दुर्बल पक्ष समेत पहिल्याई सोही कुरामा ध्यान दिई भाषा पाठ्यपुस्तकको निर्माण गर्नमा सहयोग पुऱ्याउने छ । नमुना अभ्यासमा राखिने सामग्रीहरू 'गर र सिक' (आनन्द १९७७ : ८७) भन्ने अवधारणाबाट तयार पारिएका हुन्छन् । यसको मूल उद्देश्य भाषिक सीप विकास गराउनुका साथै विद्यार्थीले धारणा विकास गरी ल्याउने गृहकार्यका रूपमा समेट्नु हो । भाषा पाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासहरू खास गरी भाषाका चार सीपलाई उकास्नका निम्ति दिइएको हुन्छ ।

विद्यार्थीले प्रयोग गरेको भाषा शुद्ध होस् र सो भाषा निरन्तर रूपमा प्रयोग गर्नका लागि सजिलो माध्यमका रूपमा अभ्यासको उपयोग गरिन्छ । भाषिक सीपको ज्ञान र धारणा दिनका लागि कोरा विषयवस्तु सिकाएर मात्र सम्भव छैन । यसका निम्ति विषयवस्तुको भन्दा अभ्यासको बढी जरुरत पर्दछ । नमुना अभ्यासको अध्ययनबाट भाषा पाठ्यपुस्तकमा के कस्ता नमुना अभ्यास कसरी राख्नु उपयुक्त हुन्छ ? भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुग्ने, पाठ्यपुस्तकमा नमुना अभ्यास कसरी राखेमा लक्षित उद्देश्य हासिल गर्न सहायता पुग्दछ । नमुना अभ्यासमा सबल र दुर्बल पक्षहरू के कस्ता र के कति हुन सक्छन् ? भन्ने कुराको समेत जानकारी उपलब्ध गराउँदछ ।

वर्तमान नेपाली भाषा पाठ्यपुस्तक परिवर्तित छ । जसको अभ्यास खण्डमा निकै परिवर्तन गरिएको छ । पुराना भाषा पाठ्यपुस्तकको नमुना अभ्यासका तुलनामा नयाँ भाषा पाठ्यपुस्तकका अभ्यासहरू नितान्त भिन्न किसिमका छन् । पुराना भाषा पाठ्यपुस्तकमा विभिन्न किसिमका

प्रश्नहरूलाई एकीकृत रूपमा राखिएको थियो । अहिलेको परिवर्तित भाषा पाठ्यपुस्तकको नमुना अभ्यास सिपगत दृष्टिले पृथकीकृत रूपमा राखिएको छ जुन वैज्ञानिक र उद्देश्य प्राप्त गर्न निर्देशित छ । यस किसिमको अध्ययनको निष्कर्षबाट नमुना अभ्यासलाई भाषाशिक्षणमा कसरी उपयोग गर्ने भन्ने कुरा पनि यसको निष्कर्षमा पत्ता लाग्ने छ । यो नमुना अभ्यासको उपयोगबाट सिङ्गो भाषाशिक्षणलाई दिशा निर्देश गर्ने हुनाले यो महत्वपूर्ण छ । शिक्षकहरूलाई योजना निर्माण गर्न, सामग्रीको विकास गर्न, शिक्षणसिकाइ गर्न, विधिहरूको छनौट गर्न, मूल्याङ्कन गर्न जस्ता कार्यहरूको आधार नै नमुना अभ्यास भएको हुनाले यस्तो किसिमको अध्ययनले भावी अनुसन्धानका निमित्त प्रशस्त सहयोग गर्नेछ । त्यसैले कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक भित्रका नमुना अभ्यासहरूको अध्ययन भाषाशिक्षण र भाषासिकाइ दुवै पक्षका लागि महत्वपूर्ण छ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तावित शोधपत्र निम्न विषय र दायराभित्र रहेर अध्ययन/अनुसन्धानलाई अगाडि बढाइने छ :

क) प्रस्तुत अध्ययन कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तक (२०७३) को नमुना अभ्यासमा सीमित रहेको छ ।

ख) उक्त अध्ययन नुमना अभ्यासको शब्दभण्डार, व्याकरण, विधा व्यवस्थापन तथा भाषिक विषयवस्तुको विश्लेषणमा आधारित रहेको छ ।

ग) उक्त अध्ययन पाठ्यक्रमको उद्देश्य, विषयवस्तु, शिक्षण, मूल्याङ्कमा आधारित रहेको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । यसको विवरण निम्नानुसार रहेको छ :

अध्याय - एक : परिचय

अध्याय -दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा

अध्याय - तीन : अनुसन्धान विधि

अध्याय - चार : नमुना अभ्यासको विधागत व्याख्या, विश्लेषण तथा सुझावहरू

अध्याय - पाँच : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

शोधपत्र जुन उद्देश्यले जुन विषयमा राखिएको छ, त्यसैसँग सम्बन्धित विषयमा त्यसभन्दा अघि भएका अध्ययन, अनुसन्धान, लेख रचना, टिपोट आदि प्राप्त भएसम्मका सामग्री व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको कार्य कारण शृङ्खलायुक्त टिप्पणीमूलक समीक्षा नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाले शोधार्थीलाई स्पष्ट रूपमा मार्गनिर्देश गर्दछ, साथै शोधार्थीलाई सैद्धान्तिक पृष्ठभूमिको जानकारी हुने, के कस्ता समस्या छन् त्यसको अवगत हुने, पुनारावृत्तिको सम्भावना हट्ने साथै सम्बन्धित विषयमा गहन अध्ययन गरी अनुसन्धान कार्यलाई अघि बढाउन सहयोग पुग्दछ ।

भाषा पाठ्यपुस्तकमा हरेक पाठको अन्तमा नमुना अभ्यास राखिएको हुन्छ । अन्य विषयभन्दा भाषा पृथक विषयक्षेत्र भएकाले सोही अनुरूप नमुना अभ्यासको निर्धारण गरेको हुन्छ । भाषा पाठ्यपुस्तकका नमुना अभ्यास सम्बन्धी अभ्ययन त्यति धेरै भएको छैन । प्रस्तावित शोधपत्रको शीर्षकसँग सम्बन्धित यस अघिका अध्ययन, अनुसन्धानहरूको समीक्षा प्रस्तुत गरिएको छ ।

पौडेल (२०५४) द्वारा *माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास : एक विश्लेषणात्मक अध्ययन* शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत शोधकार्य गरिएको पाइन्छ । जसमा नमुना अभ्यासको पाठ्यक्रम अनुरुप अध्ययन गर्नु, विद्यार्थीको रुचि, क्षमता अनुरूप तुलनात्मक अध्ययन गर्नु, सबल र दुर्बल पक्ष पहिल्याई सुधारका लागि सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । ती उद्देश्यहरू पूरा गर्न पुस्तकालयीय विधिलाई मुख्य रूपमा उपयोग गरी, विधाको पाठ अनुरूप अभ्यास राखिनु पर्ने, सिर्जनात्मक अभ्यासमा जोड दिनुपर्ने, दुवै कक्षाका पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा प्रयोगात्मक पक्षमा जोड दिई निर्धारण गर्नुपर्ने जस्ता निष्कर्ष निकालिएको छ ।

नेपालमा आधारभूत तथा प्राथामिक शिक्षा गुरुयोजना (द वेसिक एण्ड प्राइमरी एजुकेशन माष्टर प्लान १९९९-२००२) नामक यो अनुसन्धान पाठ्यपुस्तक तथा सामग्रीका सम्बन्धमा निकै महत्वपूर्ण रहेको छ । जसमा पाठ्यपुस्तक तथा सामग्रीको वर्णनात्मक विश्लेषण गरी निष्कर्ष तथा सुझाव पनि प्रस्तुत गरिएको छ । उक्त अनुसन्धानले नमुना अभ्यासको उपयोगिता सम्बन्धी संक्षिप्त वर्णन समेत गरेको पाइन्छ ।

ढकाल (२०५८) द्वारा *कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* शीर्षकमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत रहेर शोधकार्य गरेको पाइन्छ। जसमा कक्षा ९ का विद्यार्थीहरूको स्तर अनुरूप व्याकरणको अध्ययन गर्नु, विधाको प्रकृति अनुरूप व्याकरण अभ्यासको अध्ययन गर्नु, बहुभाषी पृष्ठभूमि अनुरूप अध्ययन गर्नु जस्ता उद्देश्यमा केन्द्रित भएर उक्त अध्ययन गरिएको छ। कक्षा नौको पाठ्यक्रम, पाठ्यपुस्तकलाई मुख्य आधार बनाई गरिएको उक्त शोधकार्यबाट भाषिक पुस्तकमा प्रश्न स्तरयुक्त हुनुपर्ने, प्रश्नहरूले व्याकरणका सबै पक्षलाई समेट्नु पर्ने, बहुभाषी पृष्ठभूमिलाई ध्यान दिई व्याकरणका अभ्यास समेटिनुपर्ने जस्ता निष्कर्ष निकालिएको छ।

अर्याल (२०५९) द्वारा *कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन* शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायको अधिनमा रही शोधकार्य गरिएको छ। जसमा कक्षा नौमा नेपाली पुस्तकको विधा अनुरूप नमुना अभ्यासको अध्ययन गर्नु, उक्त पुस्तकमा अभ्यासको उपयुक्तताको अध्ययन गर्नु, सबल, दुर्बल पक्ष पहिल्याई सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ। प्राथमिक स्रोत अन्तर्गत सम्बन्धित तहको पाठ्यक्रम, पाठ्यपुस्तकलाई लिइएको छ भने विभिन्न शोध प्रतिवेदनहरूलाई द्वितीय स्रोतको सामग्रीका रूपमा लिई अध्ययन गरिएको छ। जसमा पाठ्यपुस्तकमा विधा अनुरूप अभ्यास राखिनु पर्ने, विषयगत सैद्धान्तिक पक्षलाई मात्र नभई व्यावहारिक पक्षलाई समेत ध्यान दिएर अभ्यास प्रस्तुत गर्नु पर्दछ भन्ने कुरामा जोड दिइएको छ।

खनाल (२०६२) द्वारा *कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलामा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन* शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत रहेर शोधकार्य गरिएको पाइन्छ। जसमा विद्यार्थीको रुचि, उमेर अनुरूप अभ्यासको अध्ययन गर्नु, पाठ्यक्रम अनुरूप अध्ययन गर्नु, भाषिक सिपगत आधारमा अध्ययन गर्नु जस्ता मुख्य आधार बनाई गरिएको उक्त अध्ययनबाट प्रयोगात्मक, सिर्जनात्मक अभ्यासलाई जोड गर्नु पर्ने, विद्यार्थीको उमेर, रुचि अनुकुलका अभ्यास, पाठ्यक्रम परिवर्तनतर्फ सचेत रहनु पर्ने निष्कर्ष निकालिएको छ।

कोइराला (२०६९) द्वारा *कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययन* शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत रहेर शोधकार्य गरिएको छ। प्राथमिक स्रोतका रूपमा कक्षा पाँचको नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यार्थी, शिक्षक लगायत केही प्रशिक्षकहरूसँग सोधपुछ तथा द्वितीय स्रोतमा विभिन्न सन्दर्भ सामाग्रीलाई उपयोग गरी शोधकार्य गरिएको पाइन्छ। जसमा पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यासको अध्ययन गर्नु,

नमुना अभ्यासका सबल र दुर्बल पक्ष केलाउनु, सुधारका निमित्त सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित भएर उक्त अध्ययन गरिएको छ । जसबाट भाषाका चारवटा सीपमध्ये लेखाइ सीपमा बढी जोड दिई अभ्यास निर्माण गरिएको, प्रयोगात्मक, सिर्जनात्मक, बोधात्मक तथा वस्तुगत प्रश्नहरूबीच तालमेल रहेको, परिचयात्मक तथा पहिचानात्मक किसिमको अभ्यासको ढाँचाको अभाव रहेको, बोधात्मक अभ्यासको तुलनात्मक व्याकरणात्मक अभ्यास अस्पष्ट रहेको निष्कर्ष निकालिएको छ ।

यसप्रकार शिक्षाशास्त्र सङ्कायको नेपाली भाषाशिक्षा विभाग अन्तर्गत रही विद्यालय तहका विभिन्न कक्षाका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अभ्यासको अध्ययन भएको पाइन्छ । कक्षा ९ को वर्तमान नेपाली भाषा पाठ्यपुस्तक (२०७३) को नमुना अभ्यासको अध्ययन भएको पाइँदैन । अतः यो कार्य नेपाली शिक्षा विभाग अन्तर्गत सम्भवतः नयाँ र मौलिक अध्ययन कार्यका रूपमा रहेको छ ।

## अध्ययनमा पूर्वकार्यको उपयोगिता

अध्ययनको अनुसन्धानका क्रममा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएको कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको अध्ययनपछि मात्र आफ्नो कार्यबारे स्पष्ट पहिचान हुनका साथै अध्ययन व्यवस्थित हुने भएकाले अनुसन्धानमा पूर्वअध्ययनको सर्वाधिक उपयोगिता रहेको हुन्छ । शोध प्रस्तावमा पूर्वअध्ययनको महत्वलाई निम्न बुदाँमा प्रष्ट पार्न सकिन्छ । यसमा पूर्वकार्यको समीक्षाबाट शोधकर्ताले शोधपत्रका विषयसँग सम्बन्धित के कस्ता अनुसन्धान भएका छन् ? थाहा पाउनुका साथै समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्दछ भने अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा खोज्न, नयाँ सिद्धान्त प्रतिपादन गर्न पनि सहयोग पुऱ्याउँछ भने पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन सहयोग पुऱ्याउँदै अनुसन्धानको दायरालाई फराकिलो पार्दछ भने यसले गल्ती कमजोरीहरूलाई पुनरावृत्ति हुनबाट बचाउँदै पहिले गरिएका अध्ययन अनुसन्धानले वर्तमान परिप्रेक्ष्यमा तिनको महत्व थाहा पाउन सकिन्छ र यस अघि भएका अनुसन्धानलाई सारांशको रूपमा हेर्न सकिन्छ आदि ।

## सैद्धान्तिक/धारणात्मक रूपरेखा

### भाषा पाठ्यक्रमको परिचय

पाठ्यक्रम भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने उद्देश्यले निर्माण गरिएको योजनाबद्ध दस्तावेज हो । भाषा पाठ्यक्रम कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न वा लक्षित भाषाका सीप र समझहरू स्तर अनुकुल विकास गर्नका लागि निर्माण गरिने निर्देशनात्मक कार्यक्रम केन्द्रित रहन्छ । भाषा कला र सीपसँग सम्बद्ध अभ्यासपरक विषय हो । यसर्थ अन्य विषयका पाठ्यक्रम र भाषा पाठ्यक्रम निर्माण गर्द भिन्नता ल्याउनु अनिवार्य छ । एकातिर भाषा सिकाइ सिद्धान्त, विद्यार्थीको रुचि, स्तर, तह आवश्यकत, प्रयोजन, सिकाइको प्रकृति जस्ता कुराहरूलाई भाषा पाठ्यक्रम निर्माणमा ध्यान दिइन्छ भने अर्कातिर पाठ्यक्रम निर्माणका साङ्गठनिक ढाँचामा पनि ध्यान दिनै पर्दछ । "जसरी एउटा सिङ्गो पाठ्यक्रममा उद्देश्यहरू विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन जस्ता अत्यावश्यक तत्त्वहरू समेटिएका हुन्छन्, त्यसैगरी भाषा पाठ्यक्रमा पनि भाषिक उद्देश्यहरू, भाषिक विषयवस्तु, शिक्षण विधि तथा प्रक्रिया एवम् भाषिक मूल्याङ्कनबारे उल्लेख गरिएको हुन्छ ।" (भण्डारी र अन्य, २०६८ : १६६) ।

यस प्रकार भाषा पाठ्यक्रम भाषिक सीप सम्बद्ध दस्तावेज हो, यसमा उद्देश्य, पाठ्यवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया भाषिक सीपकै विकासमा परिलक्षित हुन्छन् । अधिकारी र शर्मा (२०६१ : २१) का अनुसार "भाषा पाठ्यक्रम भाषा सिकाइ सम्बन्धी निर्दिष्ट लक्ष्यसम्म पुग्ने एउटा गोरेटो हो ।" त्यस्तै भण्डारी र अन्य (२०६८ : १६७) ले भाषा पाठ्यक्रमलाई "विद्यालयभित्र र बाहिर भाषिक कार्यकलापसँग सम्बन्ध राख्ने भाषिक प्रयास सहितको बृहत् योजनालाई भाषा पाठ्यक्रम भन्न सकिन्छ" भनेर चिनाएको पाइन्छ । यस आधारमा भाषा पाठ्यक्रम साधन र साध्य दुवै हो । यही भाषा पाठ्यक्रमका आधारमा भाषा पाठ्यपुस्तक तयार पारिन्छ । भाषा पाठ्यक्रमका अङ्गका आधारमा उक्त पाठ्यक्रमको समग्र स्वरूप अडेको हुन्छ । यी मध्ये कुनै एकको अभावमा पनि सो पाठ्यक्रमलाई पूर्ण ठान्न सकिँदैन किनभने भाषा शिक्षण सिकाइ कार्यक्रममा यी हरेकको आ-आफ्नै उपयोगिता हुन्छ (अधिकारी र शर्मा, २०६१:२२) भाषा पाठ्यक्रमले विद्यार्थीहरूमा ज्ञान, सीप र धारणाको विकास गर्न सघाउँछ । यसका लागि भाषा पाठ्यक्रम निर्माण गर्दा भाषा सिकाइ सिद्धान्त, विद्यार्थीको रुचि, क्षमता र आवश्यकताका साथै भाषा पाठ्यक्रम निर्माणका स्तम्भ वा अङ्कहरूको सङ्गठित प्रस्तुतिक्रम आदि जस्ता कुरामा ध्यान पुर्‍याउनु पर्छ । भाषा पाठ्यक्रमका प्रमुख अङ्गहरू उद्देश्य, पाठ्यवस्तुको छनोट र तिनको क्षेत्र र क्रम, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया हुन् ।

**भाषा पाठ्यपुस्तकको परिचय**

भाषा पाठ्यक्रमका उद्देश्यानुरूप शिक्षण गर्नका लागि तयार गरिएका सामग्री नै भाषा पाठ्यपुस्तक हुन् । भाषा पाठ्यपुस्तक निश्चित तह र कक्षाका लागि निर्माण गरिन्छ । भाषा पाठ्यपुस्तक भाषा शिक्षणका आधिकारिक र महत्वपूर्ण सामग्री मानिन्छन् । भाषिक सीपको विकासमा केन्द्रित भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपका भाषिक पक्षहरूलाई विद्यार्थीको स्तर, अनुभव, रुचि, क्षमता आदिमा ध्यान दिई तयार पारिएको हुन्छ । यस्ता पुस्तक विद्यार्थीको मात्र पेवा होइन । यसले शिक्षकलाई समेत के पढाउने, कसरी पढाउने, कसलाई पढाउने, कस्ता अभ्यासमा संलग्न गराउने भन्ने सम्बन्धमा स्पष्ट निर्देशन गरेको हुन्छ ।

अन्य विषयका पुस्तक र भाषा पाठ्यपुस्तकमा भिन्नता हुन जरुरी हुन्छ "यद्यपि भाषा पाठ्यपुस्तकले पनि अन्य विषयका पुस्तकले जस्तै स्वाध्ययन, अभ्यास, गृहकार्य, पुनरावृत्ति जस्ता कार्यमा सहयोग पुऱ्याएको हुन्छ (भण्डारी र अन्य २०६८ : १९१) । भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुन्छ यो आफ्नै वैशिष्ट्य हो । भाषा पाठ्यपुस्तकमा प्रत्येक विधा वा पाठको अन्त्यमा सोही विधाका पाठ अनुरूप नमुना अभ्यास राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा अभ्यासात्मक बहुलता र सीपगत विविधताको प्रक्रियाले महत्व पाएको हुन्छ । त्यस्तै भाषातत्त्व र व्याकरणात्मक अभ्यासको उचित सन्तुलन पनि मिलाइएको हुन्छ । भाषा पाठ्यपुस्तकमा विधाका पाठअनुरूपको अभ्यास छनोट गरिएन भने त्यो उपयुक्त ठहर्दैन ।

यसरी भाषा पाठ्यक्रमको मर्म अनुरूप तयार गरिने भाषा पाठ्यपुस्तकलाई अधिकारी (२०६८:२६) ले "भाषा पाठ्यपुस्तक सिर्जनात्मक अभिव्यक्तिको सङ्गालो नभएर यसमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्नका लागि उपयुक्त खालका विषयवस्तु र विधाहरूको छनोटका साथै प्रस्तुतीकरण पनि सोही अनुरूप विशेष सचेतना देखाएका सामग्रीहरू हुन्छन् ।" भनी चिनाएको पाइन्छ । त्यस्तै भण्डारी र अन्य (२०६८ : १९३ ले) "कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पूरा गर्न तयार पारिएको सामग्रीलाई भाषा पाठ्यपुस्तक भनिन्छ ।" भनी भाषा पाठ्यपुस्तकको परिभाषा दिइएको पाइन्छ । जे होस् भाषा पाठ्यक्रमका भाषिक अपेक्षाहरू पूरा गर्ने गरी खास तह र कक्षाका लागि विषय विशेषज्ञद्वारा लेखन तथा सम्पादन गरिएको शिक्षण सहायक सामग्री नै भाषा पाठ्यपुस्तक हो भन्न सकिन्छ । नमुना अभ्यासको उपयुक्त छनोटले भाषा पाठ्यपुस्तकको गरिमा बढाउँछ । साथै भाषा पाठ्यपुस्तकलाई व्यावहारिक बनाउँछ ।

भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताहरू हुन्छन् । भाषा पाठ्यपुस्तकको बाह्य वा भौतिक पक्ष नै यसको बाह्य विशेषता हो । जसमा निम्न कुराहरू पर्दछन्: आकार, आवरण पृष्ठ, छपाइ, अक्षरको आकार, कागजको स्तर, बँधाइ र मूल्य आदि हुन् । त्यसैगरी भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषतालाई प्राज्ञिक पक्ष भन्ने गरिन्छ । भाषा पाठ्यपुस्तकको यो पक्ष प्राण नै हो । जसमा विषयवस्तु, प्रस्तुति, शब्दभण्डार, भाषा, नमुना अभ्यास, चित्रहरू, निर्देशन, भूमिका र सन्दर्भ सूची जस्ता कुराहरू पर्दछन् ।

### भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यासको सम्बन्ध

भाषा पाठ्यक्रम सम्बन्धित तहको शैक्षिक कार्यकलापको सम्पूर्ण योजना हो भने पाठ्यक्रमका उद्देश्य पूर्ति गर्न चाहिने महत्वपूर्ण पाठ्य सामग्री भाषा पाठ्यपुस्तक हो । "पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने, कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन तथा प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ ।"
(अधिकारी र शर्मा २०६१ : २५) । यस प्रकार भाषिक पाठ्यक्रमले विविध कक्षाका भाषाका सीपहरू के कति सीपहरू, किन सिकाउने र कसरी सिकाउने, कुन क्रमले सिकाउने आदि कुराहरू प्रष्ट गर्दछ भने पाठ्यपुस्तकले पाठ्यक्रमले तोकेको उद्देश्य पूर्ति गर्न के कस्ता विषयवस्तु र विधालाई आधार बनाएर ती भाषिक सीपको विकास गराउन सकिन्छ, सो कुरामा ध्यान दिएको हुन्छ । उता नमुना अभ्यासमा सो पाठ्यपुस्तकमा रहेका विधाका पाठअनुरूप मिल्दो तवरले सिर्जनात्मक, व्यावहारिक, बोधमूलक तथा व्याकरणात्मक प्रश्नहरू निर्धारण गरिएको हुन्छ, जसले भाषा पाठ्यपुस्तकलाई अझ व्यावहारिक बनाएको हुन्छ ।

पाठ्यक्रमले प्रदान गरेका सैद्धान्तिक स्वरूपलाई व्यावहारिक रूप दिने साधन पाठ्यपुस्तक हो (ढकाल, २०६८ : १३१) । यही पाठ्यपुस्तकलाई थप व्यावहारिक र सशक्त बनाउन नमुना अभ्यासको स्थान महत्वपूर्ण हुन्छ । भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यासबीचमा पाइने सम्बन्धलाई यसरी प्रष्ट्याइएको छ :

क) भाषा पाठ्यक्रम साध्य हो भने भाषा पाठ्यपुस्तक साधन हो र पाठ्यपुस्तकलाई अझ व्यावहारिक बनाउने कडी भनेको नमुना अभ्यास हो ।

ख) भाषा पाठ्यक्रममा साधारण र विशिष्ट उद्देश्यहरू राखिएका हुन्छन् भने पाठ्यक्रमले गरेका अपेक्षा परिपूर्ति गर्ने साधन पाठ्यपुस्तक हो । (ढकाल, २०६८ : १३२) । सो

पाठ्यपुस्तकलाई पाठ्यक्रमका अपेक्षा पूर्ति गर्ने सन्दर्भमा थप सहयोग पुऱ्याउने पक्ष नमुना अभ्यास हो ।

ग) पाठ्यक्रम सैद्धान्तिक प्रकृतिको हुन्छ, त्यसलाई प्रयोग सापेक्ष बनाउने काम पाठ्यपुस्तक र सोही पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले गर्दछन् ।

घ) भाषा पाठ्यक्रमले अभ्यास र आवृत्तिमा जोड दिने कुराको सङ्केत मात्र गरेको हुन्छ भने भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा विद्यार्थीहरूलाई सिकाउने कुरामा पर्याप्त अभ्यास गर्ने गरी पाठहरू तय गरिएको हुन्छ सो अनुकुल सिर्जनात्मक अभ्यासहरू राखिएका हुन्छन् ।

ङ) भाषा पाठ्यक्रम निर्देशनमुखी शैक्षिक सामग्री हो भने पाठ्यपुस्तक र नमुना अभ्यास अभ्यासमुखी शैक्षिक सामग्री हो ।

च) पाठ्यक्रमले स्पष्ट नगरेका कुराहरू पाठ्यपुस्तक र नमुना अभ्यासले स्पष्ट पार्दछन् ।

छ) भाषा पाठ्यपुस्तक र नमुना अभ्यास पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ सामग्री र भाषा शिक्षणको लागि महत्वपूर्ण शैक्षिक सामग्री हो ।

यसरी भाषा पाठ्यपुस्तक र नमुना अभ्यास पाठ्यक्रमको अपेक्षा पूरा गर्ने साधन हुँदा पाठ्यक्रम अनुकुलता नै यसको विशेषता झल्किन्छ । "पाठ्यक्रमको दायरभन्दा भिन्न प्रकृतिका भाषिक र भाषेत्तर विषयको संयोजन पाठ्यपुस्तकमा भयो भने पाठ्यक्रमको अपेक्षा परिपूर्ति हुन सक्दैन ( ढकाल, २०६८ : १३२) । अतः भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र नमुना अभ्यासका बीचमा सापेक्ष सम्बन्ध रहेको कुरा प्रष्टिन्छ ।

**नमुना अभ्यासको परिचय**

भाषा मानवीय र सामाजिक वस्तु हो । भाषा प्राप्त गर्नु वा सिक्नु भनेको भाषाका चारओटै सीपहरू सुनाए, बोलाइ, पढाइ र लेखाइ प्रयोग गर्नु भन्ने बुझिन्छ । यिनै सीप हासिल गर्न निरन्तर अभ्यास महत्वपूर्ण रहन्छ । विद्यालय तहका भाषा पाठ्यपुस्तकमा प्रत्येक विषयवस्तुको बोधका निमित्त अभ्यास राखिएको हुन्छ । कुनै पनि विषय क्षेत्रसँग सम्बन्धित सिर्जनात्मक/रचनात्मक अभ्यासलाई वास्तवमा नमुना अभ्यास भनिन्छ । नेपाली बृहत् शब्दकोष ( २०४०) ले "कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याई तेहऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै

कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहेनत गर्नु" भन्ने नमुना अभ्यास सम्बन्धी अर्थ प्रस्तुत गरेको पाइन्छ । नमुना अभ्यासको प्रयोगले शिक्षण सिकाइ कार्यकलाप प्रभावकारी बनाउँछ ।

भाषा पाठ्यपुस्तकमा प्रयुक्त पाठ्यवस्तु शिक्षण पश्चात् विद्यार्थीहरूले के कति सिके सिकेनन् भन्ने कुराको मूल्याङ्कन उचित साधन नै नमुना अभ्यास हो । पाठ्यक्रम हेरेर स्तर र तहका विद्यार्थीहरूको ज्ञान, सीप तथा अवधारणाको मापन गर्न, निश्चित लक्ष्य पूरा गर्न अभ्यास राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा पाठ्य विषय अनुरूप फरक फरक ढाँचामा भाषिक सीपको विकास गराउने ध्येयले अभ्यासहरू राखिएका हुन्छन् । भाषा शिक्षणका सिलसिलामा विभिन्न प्रकृतिका प्रश्नहरू अभ्यासका लागि महत्वपूर्ण सामग्री बनेका हुन्छन् । (शर्मा र पौडेल, २०६७:३९५) । भाषा पाठ्यक्रमका समग्र पाठ्यवस्तुलाई समेट्ने गरी यस किसिमका अभ्यासहरू निर्माण गरिएको हुन्छ ।

प्रस्तुत शोध प्रस्तावमा माथिल्लाभन्दा तल्ला तहका भाषा पाठ्यपुस्तकमा रचनात्मक, सिर्जनात्मक प्रकृतिका अभ्यासहरू प्रस्तुत गरिएका पाइन्छन् । विशेष गरी विद्यार्थीहरूले अन्य सन्दर्भ सामग्रीहरू खासै प्रयोग नगर्ने तथा किताबी ज्ञानबाट नै भाषाको चौतर्फी सीप सिकिने हुँदा नमुना अभ्यासमा उनीहरूकै रुचि, क्षमता, स्तर अनुरूपका अभ्यास छनोट गरिएको हुन्छ । भाषा शिक्षण सिकाइ अन्य विषयको शिक्षण सिकाइभन्दा भिन्न हुने भएकाले भाषा पाठ्यपुस्तकका अभ्यासमा शब्द भण्डार, उच्चारण, व्याकरण, भाषिक संरचना, लिखित, मौखिक क्रियाकलाप, अभियान जस्ता पक्षमा ध्यान दिई अभ्यास राखिएको हुन्छ । भाषिक सीप हासिल गर्न, गराउन शिक्षक, विद्यार्थीका साथसाथै अन्य मूल्याङ्कनकर्ताको निमित्त अभ्यास एक महत्वपूर्ण पक्ष हो ।

भाषा पाठ्यक्रमले निर्धारण गरेका शैक्षणिक उद्देश्य मापन गर्न सकिने ढङ्गबाट भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास तयार गर्नुपर्दछ । विधाको स्वरूप पाठको प्रकृति, प्रस्तुति तथा ढाँचासँग मिल्ने किसिमले लिखित, मौखिक तथा प्रयोगात्मक अभ्यासको संरचना व्यवस्थित गरिनुपर्दछ । विधाको क्षेत्र र क्रममा ध्यान दिई नमुना अभ्यासको निर्माण गर्नु सबैभन्दा उत्तम हुन्छ । विद्यार्थीको तह तथा स्तर अनुरूप के कति शब्दाभण्डारको विकास गराउने तथा वाक्य रचनागत सीप विकास गराउने, उमेर अनुरूप कस्तो अभ्यासको छनोट गर्ने भन्ने जस्ता कुरामा निकै ध्यान पुऱ्याउनु उचित हुन्छ ।

भाषा पाठ्यक्रममा प्रयुक्त नमुना अभ्यासले घरमा नै बसेर अध्ययन गर्ने विद्यार्थीका लागि तथा शिक्षण सिकाइपछि गृहकार्य गर्न, गराउन उपयोगी हुनु पर्दछ, “गर र सिक” भन्ने सूत्रलाई अभ्यासले निरन्तरता दिने गर्दछ । अभ्यासात्मक कार्यकलापले शब्दभण्डार, पठनबोध, वाक्य निर्माण, अभियान, व्याकरण, प्रयोगात्मक सीप जस्ता भाषाका महत्वपूर्ण पक्षमा उपयुक्त अवधारणाको विकास गराउन सहयोग पुऱ्याउँछ । अतः विद्यार्थीहरूलाई समयानुकुल क्रियाशील बनाउन नमुना अभ्यास उद्देश्यमुखी, रचनात्मक, सिर्जनात्मक, स्तरयुक्त र सान्दर्भिक हुनु आवश्यक हुन्छ ।

**भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासका विशेषता**

भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास नभई नहुने पक्ष हो । पाठ्यपुस्तकमा प्रत्येक पाठको अन्तमा नमुना अभ्यास दिइएको हुन्छ । ती अभ्यासहरू विधाका पाठअनरूप मिल्दो तवरले राखिदिएको हुन्छन् । पाठ्यक्रमका अपेक्षाहरू परिपूर्ति गराउने नमुना अभ्यासका विशेषताहरू निम्नानुसार छन् :

अभ्यासहरू पाठ अनरूप हुनुपर्छ ।

अभ्यासहरू सिपपरक हुनुपर्छ ।

अभ्यासहरू विषयवस्तु अनुरूप हुनुपर्छ ।

अभ्यासहरूमा विधागत अनुरूपता हुनुपर्छ ।

अभ्यासहरूमा विविधा हुनुपर्छ ।

अभ्यासहरू गरेर सिक्ने सिद्धान्त (लनिङ बाई डुइङ)मा आधारित हुनुपर्छ ।

अभ्यासहरू निर्देशनात्मक, स्वतन्त्र र सिर्जनात्मक प्रतिभाको प्रस्फुटन गराउने पनि हुनुपर्छ ।

अभ्यासहरू तल्ला कक्षाहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता सीपहरूसँग सम्बद्ध र क्रमबद्ध हुनुपर्छ ।

पाठसँग सम्बन्ध अभ्यास गराइसकेपछि साथसाथै भाषातत्त्व र शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरू पनि राखिनु पर्छ ।

भाषा र व्याकरणका बीचको सह सम्बन्धलाई अभ्यासले कायम राख्नु पर्छ ।

व्याकरणिक जानकारीलाई निगमनात्मक पद्धतिमा होइन, आगमनात्मक ढङ्गले प्रस्तुत गरिएको हुनुपर्छ ।

आगमनात्मक पद्धतिको अन्तिम उपाय अभ्यास गर्न गराउन पाठको खास अनुच्छेद वा अनुच्छेद समूहसँग सम्बद्ध गर्नुपर्छ ।

अभ्यासहरूमा कक्षाको स्तर, मनोवैज्ञानिक पक्ष र शैक्षणिक अवस्थाको ख्याल गरिएको हुनुपर्छ । (ढकाल २०६६/६७ : २४७) ।

यस प्रकार भाषा पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यास विधाका पाठअनुरूप, सिपपरक, विविधतामूलक, विद्यार्थीका रुचि, क्षमता, स्तर अनुरूप हुनुपर्ने देखिन्छ ।

**भाषा शिक्षणमा नमुना अभ्यासको महत्व**

राष्ट्रको बदलिँदो परिस्थिति अनुरूप समग्र जनभावना, सामाजिक चाहना, आवश्यकतालाई ध्यान दिई पाठ्यक्रम निर्माण गरिन्छ । पाठ्यक्रम बौद्धिक वर्ग, समाजसेवी सल्लाहकार, विद्यार्थी, शिक्षक, विषय विशेषज्ञ आदिका विचार मन्थन गरी निर्माण गरिएको हुन्छ । यसरी निर्माण गरिएको पाठ्यक्रमका आधारबाट पाठ्यपुस्तक तयार गरिन्छ । यस किसिमका सामग्रीको उपयोग गरी गरिएको भाषा शिक्षणबाट विद्यार्थीले सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीप हासिल गर्न सहज बन्दछ । भाषा पाठ्यपुस्तकहरूका पाठहरूमा प्रस्तुत विषयवस्तु शब्द भण्डार र भाषिक संरचनाका आधारमा पाठका अन्त्यमा अभ्यासहरू राखिएको हुन्छन् । “यस्ता अभ्यासहरूको प्रयोजन बालबालिकाले उक्त विषयवस्तु शब्द भण्डार र भाषिक संरचनालाई खेलाएर भाषाका विभिन्न सीप र क्षमता प्राप्त गर्न सकुन् भन्ने हो (अधिकारी, २०६७ : १६४) ।

भाषा पाठ्यपुस्तकको महत्वपूर्ण प्राज्ञिक पक्ष अभ्यास हो । भाषिक सीपको विकासका अभ्यासले महत्वपूर्ण सहयोग पुऱ्याउँछ । “हासिल भएका सीपहरूलाई स्तरीय बनाउँदै लैजाने तथा तिनीहरूको स्थायित्व कायक राख्न पनि अभ्यासकै आवश्यकता पर्ने भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा अभ्यासको योजना बनाउनु पर्याप्त जरुरी हुन्छ” (भण्डारी र अन्य, २०६८ : २१७) । त्यस्तै अभ्यासले नै भाषा र व्याकरण बीचको सम्बन्धलाई खार्ने काम पनि गर्छ । भाषा शिक्षण अन्य विषयको शिक्षणभन्दा फरक प्रकृतिको हुन्छ । विद्यार्थीका ज्ञान, सीप, क्षमता आदिलाई प्रकाशमा ल्याउन पठन पाठन पश्चात् विविध क्रियाकलापमा सहभागी गराउनु पर्छ । यसका लागि नमुना अभ्यास महत्वपूर्ण सावित हुन्छ । विद्यार्थीको स्तर क्षमता, रुचि दक्षता आदिलाई

ध्यान दिई पाठ्यपुस्तकमा नमुना अभ्यासको छनोट गरिन्छ । यसबाट त्यस्तै अभ्यासले नै भाषा र व्याकरणबीचको सम्बन्धलाई खार्ने काम पनि गर्छ । भाषा शिक्षण अन्य विषयको शिक्षणभन्दा फरक प्रकृतिको हुन्छ । विद्यार्थीका ज्ञान, सीप, क्षमता आदिलाई प्रकाशमा ल्याउन पठन पाठन पश्चात विविध क्रियाकलापमा सहभागी गराउनु पर्छ । यसका लागि नमुना अभ्यास महत्वपूर्ण सावित हुन्छ । विद्यार्थीको स्तर क्षमता, रुचि दक्षता आदिलाई ध्यान दिई पाठ्यपुस्तकमा नमुना अभ्यासको छनोट गरिन्छ । यसबाट नै विद्यार्थीको भाषागत रचनात्मक विकास गराउन मद्दत पुग्दछ । "नमुना अभ्यास विद्यार्थीको कठिनाइ क्षेत्र पत्ता लगाउन सहायक हुन्छ" (अधिकारी र शर्मा, २०६१ : २७) । त्यस्तै विद्यार्थीले विषवस्तुको के कति ज्ञान हासिल गरे ? सीप विकास सम्बन्धी के कस्ता त्रुटि रहेका छन् ? व्याकरणात्मक अवधारणा के कस्तो रहेको छ भन्ने कुराको निक्यौल गर्न नमुना अभ्यास महत्वपूर्ण हुन्छ । "भाषा शिक्षण सीपको शिक्षण भएको हुँदा अभ्यास र त्यसको पुनरावृत्तिद्वारा मात्र सिक्न सकिन्छ र सिकेका सिकाइएका कुरालाई स्थायित्व प्रदान गर्न अभ्यास र आवृत्तिमा जोड दिनुपर्छ" (ढकाल, २०६८ : १३५) । यस्ता अभ्यास मार्फत अभिव्यक्तिमा ओजपूर्णता, तार्किकता, प्रस्तुतिमा श्रुतिमधुर सिर्जनशील क्षमताको विकास गराई बालबालिकाको चौतर्फी विकास गर्ने सन्दर्भमा नमुना अभ्यासको नै महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीहरूको सिर्जनशील क्षमताको विकास गराउने ध्येयका साथ राखिएका नमुना अभ्यास सरलदेखि जटिल क्रममा हुनुपर्ने, छनोट र स्तरको ख्याल गरिनु पर्ने, स्वःअध्ययनका दृष्टिले उपयुक्त हुनुपर्ने जस्ता गुणहरू हुन आवश्यक छ । अतः व्यवहारिक, रचनात्मक, बोध, अभिव्यक्त क्षमताको विकास गराउने नमुना अभ्यास भाषा पाठ्यपुस्तकको महत्वपूर्ण पक्ष हो भन्न सकिन्छ ।

**नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिम**

भाषा शिक्षणमा भाषिक सीपको विकासमा जोड दिन्छ । भाषिक सीपको विकासमा सहयोग पुऱ्याउने महत्वपूर्ण पक्ष नमुना अभ्यास हो । अन्य विषयको तुलनामा भाषा विषयका अभ्यासमा विविध तरिकाले प्रश्नहरूको निर्माण गरिन्छ । एकै प्रकारको शैक्षणिक अभ्यासले भाषाका चारआटै सीपको विकास हुन सक्दैन । अतः विद्यार्थीको उमेर, स्तर, क्षमता रुचि तथा पाठको प्रकृति अनुसार भिन्नभिन्न अभ्यासात्मक ढाँचा राखिनु पर्दछ । जसलाई यसप्रकार उल्लेख गरिएको यसप्रकार उल्लेख गरिएको छ ।

**विषयवस्तुमा आधारित प्रश्न**

भाषा विषयको मुख्य ध्येय भाषिक सीपको विकासमा जोड दिनु हो । विषयवस्तुलाई माध्यमका रूपमा लिएर विद्यार्थीहरूलाई सिकाइका क्रममा तर्कपूर्ण अभिव्यक्ति दिन, पठनबोध, श्रुतिबोध, समीक्षा, भावार्थ जस्ता अभ्यासमूलक क्रियाकलाप उपयोगका ल्याइन्छ । मूलतः विषयवस्तुको शिक्षण पश्चात् विद्यार्थीहरूमा के कति ज्ञान, सीप हासिल भयो भनेर लेखाजोखा गर्न तयार गरिने प्रश्नलाई विषयवस्तुमा आधारित प्रश्न आन्तरिक (पुस्तकभित्रबाट) तथा बाह्य (सिर्जनात्मक) दुवै किसिमका प्रश्नहरूको छनोट उपयुक्त हुन्छ । तल्ला तहका कक्षाहरूमा वर्णविन्यास, हिज्जे, वाक्य निर्माण, घटना प्रसङ्गको तादम्यता, मौलिकता, तार्किकता, स्पष्ट अभिव्यक्तिगत पक्षलाई जोड दिई प्रश्नहरू तय गरिनु उपयुक्त ठहर्छ ।

**भाषिक सीपमा आधारित प्रश्न**

भाषा शिक्षणको मूल उद्देश्य नै भाषिक सीपको विकास गर्नु हो । अतः भाषा शिक्षणमा सहयोगी भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारओटै सीपको प्रतिनिधित्व हुने गरी प्रश्नहरू छनोट निर्माण गरिनु पर्दछ । "अभ्यासहरूमा सिपगत र भाषा तात्विक विविधताका साथै यिनको आ-आफ्नै प्रकृतिजन्य विविधताको पनि पर्याप्त मात्रामा प्रतिनिधित्व हुनु आवश्यक छ" (अधिकारी, २०६७ : १३४) । निम्न माध्यमिक तहका कक्षामा मूलतः मौखिकबाट क्रमशः लिखित सीपतिर जोड दिने किसिमले नमुना अभ्यास छनोट गरिनुपर्दछ । बोध, अभिव्यक्ति क्षमतामा वृद्धि गर्ने तथा स्तर अनुसारको भाषिक सीप विकासलाई महत्व दिई अभ्यासात्मक प्रश्नहरू तय गरिनुपर्दछ ।

**शब्द भण्डारमा आधारित प्रश्न**

विद्यार्थीको उमेर, स्तर, तह अनुरूपको क्रमशः सरल र स्वाभाविक ढङ्गबाट शब्द भण्डारको अभिवृद्धि हुँदै जानुपर्छ । यस कुरालाई ध्यान दिई नमुना अभ्यासमा शब्द भण्डारमा आधारित प्रश्नहरू तय गरिएको हुन्छ । यस किसिमका प्रश्नहरू वस्तुगत पाराका हुन्छन् । हरेक पाठमा शब्दार्थ शिक्षण गराउने गरी नवीन तथा पुराना शब्दहरू क्रमशः विषयवस्तुमा समावेश गरिएको हुन्छ । विद्यार्थीमा शब्द भण्डार सम्बन्धी अभ्यास राखिनु पर्छ । मूलतः पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थ, लघुतावाची, अनेकार्थी जस्ता शब्दहरूको छनोट तह अनुरूप गरिनु उपयुक्त हुन्छ ।

### प्रश्नका प्रकृति

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा विभिन्न प्रकृतिका प्रश्नहरू राखिएका हुन्छन् । एकै किसिमको प्रश्नले सबै भाषिक सीपको अभ्यास र विकास गराउन सक्दैन । निम्न माध्यमिक तहमा बोधात्मक, सिर्जनात्मक, वस्तुगत, अनुगमनात्मक सङ्ख्यात्मक विविध किसिमका प्रश्नहरू छनोट गरी राखिनु उपयुक्त हुन्छ । नमुना अभ्यासमा मूलतः विषयगत र वस्तुगत प्रकृतिका प्रश्नहरू राखिएका हुन्छन् जसको चर्चा यसप्रकार गरिन्छ ।

### विषयगत प्रश्न

विषयगत प्रश्नलाई व्यक्तिनिष्ठ प्रश्न पनि भन्ने गरिन्छ । "विद्यार्थीमा भाषिक विषयवस्तुको क्षेत्र र ज्ञानात्मक गहिराइको साथै त्यसलाई प्रस्तुत गर्ने, प्रयोग गर्ने तथा उपयोग गर्ने क्षमता वा सीप र शैली कुन स्तरको छ ? सङ्गठन पक्ष कस्तो छ ? रचना पक्ष कस्तो छ ? र कला पक्ष (सफाइ समेत) कस्तो छ ? आदि कुराका साथै स्वतन्त्र, सिर्जनात्मक एवम् मौलिक अभिव्यक्ति पक्षको स्तर र अभिक्षमता जाँच्नका लागि विषयगत प्रश्नको उपयोग गरिन्छ" (शर्मा र पौडेल, २०६७ :३६१) । यस किसिमका प्रश्नहरू मूलतः वर्णनात्मक, व्याकरणात्मक, विवेचनात्मक, तुलनात्मक, विश्लेषणात्मक, तार्किक, टिप्पणीमूलक र समीक्षात्मक किसिमका हुन्छन् । यद्यपि यस्ता प्रश्नहरू सीमित हुने भएकाले व्यापक विषयलाई ढाक्न भने सक्दैनन् । विषयगत प्रश्नलाई अधिकारी र शर्मा (२०६१ :१४९,१५०)ले संक्षिप्त, निबन्धात्मक र अन्य गरेर तिन किसिममा विभाजन गरेको पाइन्छ । जो निम्नलिखित छन् :

### संक्षिप्त उत्तरात्मक प्रश्न

छोटाछोटा उत्तर दिए पुग्ने खालका प्रश्नहरू संक्षिप्त उत्तरात्मक प्रश्नहरू हुन् । (अधिकारी र शर्मा, २०६१ :१४९) । तल्ला तहमा यस किसिमका प्रश्नहरू बढी उपयोगी मानिन्छन् । वैयक्तिक शैली, प्रस्तुति, सङ्गठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र संक्षिप्तता, व्यापकता, सङ्ख्यात्मक बहुलता, प्रयोजनपरकता, प्रयोग पहिचनात्मकता आदिका दृष्टिले वस्तुको गुण समेत झल्किने यस्ता प्रश्न पनि भन्न सकिन्छ । (शर्मा र पौडेल, २०६७ : ३६२) यस्ता प्रश्नहरूका को, के, कुन, कस्तो, कति, कहाँ, कहिले, किन र कसरी आदि प्रश्नवाचक शब्दहरूको प्रयोग गरिएको हुन्छ । यस्ता प्रश्नहरू भाषिक सीप जाँच्ने किसिमले तय गरिनुपर्छ । जस्तैः

क) कल्पलताले आफ्नो सुन्दर गाउँलाई झन् सुन्दर बनाउन कसरी सहयोग पुऱ्याइन् ?

ख) कल्पलताले जीवनमा के कस्ता दुःख भोग्नु पऱ्यो ।

**निबन्धात्मक प्रश्न**

लामा-लामा उत्तर दिनुपर्ने प्रश्नहरू निबन्धात्मक हुन् । यस्ता प्रश्नहरू साना कक्षाहरूमा त्यति उपयोगी हुँदैनन् । तापनि पाठको सारांश लेख्ने, प्रबन्ध लेख्ने आदि प्रयोजनका लागि उपयोग गर्नुपर्ने हुन्छ (अधिकारी र शर्मा, २०६१ : १४९) । खासगरी एकभन्दा बढी अनुच्छेदमा निबन्ध जस्तो लामो पारामा लेखिने भएकाले यस्ता प्रश्नलाई निबन्धात्मक प्रश्न भनिएको हो । निबन्धात्मक प्रश्नहरूलाई अभिव्यक्ति सीप जाँच्ने र खास विषयवस्तुको ज्ञान जाँच्ने गरी दुई किसिमबाट उपयोग गर्न सकिन्छ (शर्मा र पौडेल, २०६७ : ३६२) । यस किसिमका प्रश्नहरूका नमुना अभ्यासमा राख्दा विद्यार्थीको स्तर, क्षमता र तह हेरी निर्धारण गरिनु उपयुक्त हुन्छ, जस्तैः

क) सुख र सन्तुष्टि भन्ने कुरा सम्पत्ति, पद र प्रतिष्ठाबाट हैन, असल कामबाट प्राप्त हुँदोरहेछ ।

**अन्य विविध प्रश्न**

उपर्युक्त संक्षिप्त र विषयगत प्रश्नका साथै भाषा पाठ्यपुस्तकको नमुना अभ्यासमा तल दिइएका किसिमका प्रश्नहरूको पनि उपयोग गरिएको पाइन्छ । यस किसिमका प्रश्नहरू पाठको अभ्यासका क्रममा उपयोगी ठहर्दछन् ।

**अ) शुद्ध गर्ने**

नमुना अभ्यासमा पाठका शब्दहरू अशुद्ध बनाएर प्रस्तुत गरी ती शब्दहरूको शुद्ध रूप पहिल्याई लेख्न लगाउने गरी प्रश्नहरू तय गरिएको हुन्छन् । "मूल्याङ्कनात्मक रूपमा यसको उपयोग सम्बन्धित विद्यार्थीको भाषिक क्षमता ठम्याउन सकिन्छ भने अभ्यासात्मक रूपमा यसले पाठको अभ्यासमा विविधता थप्न मद्दत पुऱ्याउँदछ" (अधिकारी र शर्मा, २०६१ : १५०) । यस किसिमका प्रश्नका उदाहरणः

मुख्तीयार, शंकाल, बरर्खात, पदच्यूत, रहसयमय, गाइगुइ, आकर्सित, विभुसण, सडयन्त्र, ढूकूटी, प्रतीष्ठा ।

**आ) सार्ने**

नमुना अभ्यासमा खास खास शब्द, वाक्यहरू वा कुनै अनुच्छेद दिई शुद्धसँग सार्न लगाउने गरी तय गरिएको हुन्छ । "यस्ता प्रश्न पनि मूल्याङ्कन र अभ्यास दुवै उद्देश्यका लागि उपयोगी हुन्छन्" (अधिकारी र शर्मा, २०६१ : १५०) । यस किसिमका प्रश्नका उदाहरण :

"सतिपरथा हटाउने जसतै अरू राम्रा काम पनी त गर्न सकिन्छ नी ! हजूरले गर्न चाहेको काम कसले रोकन सकने होइन क्यारे !" बालकुमारीले भनिन् ।

**इ) उच्चारण गर्न लगाउने**

उच्चारणमा बढी त्रुटि हुने शब्द जोडीहरू छानी तिनको उच्चारण गर्न लगाउने गरी नमुना अभ्यासमा प्रश्नहरू तय गरिएको हुन्छ । जस्तै : स्पष्ट, शुल्क, गतियुक्त, सरसर्ती, पृथ्वी, बुद्ध, सङ्गठन, ग्रामीण, सशक्त, प्रकाश, धर्म, आदि । (अधिकारी र शर्मा, २०६१ : १५१) ।

**ई) शब्दार्थ पहिल्याइ वाक्यमा प्रयोग गर्न ल्याउने**

नमुना अभ्यासमा कठिन तथा पाठमा प्रयोग भएका नयाँ-नयाँ शब्दहरूको अर्थ पहिल्याइ तिनलाई वाक्यमा प्रयायो गर्न लगाउने गरी प्रश्नहरूको परीक्षण गर्न यस किसिमका प्रश्नहरू तय गरिन्छन् ।

**उ) वाक्य रचना गर्न लगाउने**

वाक्य रचना सम्बन्धी प्रश्न पनि मूल्याङ्कन र अभ्यासात्मक दुवै प्रयोजनका लागि उपयोगी हुन्छन् । यसमा विभिन्न शब्दहरू दिई वाक्य बनाउन लगाइन्छ । (अधिकारी र शर्मा, २०६१:१५३) जस्तै :

तल दिइएका शब्द र क्रियापद प्रयोग गरी वाक्य बनाऊः

अचेत, हिरा, बहुमूल्य, परीक्षण, स्वर्ग ।

**वस्तुगत प्रश्न**

विविध परीक्षकहरूले परीक्षण गर्दा पनि एउटै अङ्क आउँछ भने यस किसिमका प्रश्नहरूका प्रश्नहरू वस्तुगत हुन् । वस्तुगत प्रश्नको उपयोग विषयगत प्रश्नका कमजोरी हटाउनका लागि अभ्यासमा ल्याइएको हो । एक पटक एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका यस्ता प्रश्नहरू मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्ण विन्यास र व्याकरण

तत्त्वहरूको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन् (शर्मा र पौडेल, २०६७ : ३६२) । यस्ता प्रश्नहरू वैज्ञानिक र वस्तुनिष्ट हुने भएकाले यसमा विश्वसनीयता र वैधता उच्च रहन्छ । भाषिक परीक्षणका लागि उपयोगी हुने वस्तुगत प्रश्नहरू निम्न लिखित छन् ।

**क) खाली ठाउँ भर्ने प्रश्न**

प्रश्नका आधार वाक्यमै निश्चित शब्दहरू हटाएर खाली राखी ती ठाउँहरूमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । (शर्मा र पौडेल २०६७ : २६३) । विद्यालय तहका पाठ्यपुस्तकमा यस किसिमका प्रश्नहरूका मूलतः खुल्ला प्रकृतिका नभई बन्द प्रकृतिका हुन्छन् । बहुवैकल्पिक प्रश्नमा जस्तै विकल्प (३/४ वटा) वाक्यका पछाडि कोष्ठकमा राखिएको हुन्छ र विद्यार्थीले सही विकल्पलाई छानेर खाली ठाउँमा आपूर्ति गर्नुपर्ने हुन्छ । यस्तो विकल्प कक्षाको स्तर हेरी विद्यार्थी स्वयमले वचन, लिङ्ग, काल, पुरुष आदर आदि सम्बन्धी सङ्गति मिलाएर भर्नुपर्ने गरी एउटा मात्र मूल शब्द वा धातुको रूपमा पनि हुन सक्दछ । (शर्मा र पौडेल, २०६७ : २६३) यस किसिमका प्रश्नहरू मूलतः शब्द प्रयोग सीपको परीक्षणका लागि उत्तम मानिन्छन्, उदाहरण :

क) प्रत्येक वर्ष अनारका बोटमा ..... फल्न थाल्यो ।

ख) गाउँ पनि .... जस्तै सुन्दर भयो ।

**ख) ठिक बेठिक छुट्याउने प्रश्न**

ठिक बेठिक छुट्याउने प्रश्नहरूमा मिल्दा र अमिल्दा उत्तरहरू छ्यासमिस गरी विद्यार्थीहरूलाई छुट्याउन लगाइन्छ (अधिकारी र शर्मा, २०६१ : १४८) । श्रुतिबोध, पठनबोध, वाक्य गठन, शब्द प्रयोग र धारणाको परीक्षणका लागि उपयोग गर्न सकिने र विश्वसनीय मानिँदैनन् (शर्मा र पौडेल, २०६७ : ३६४) । यस किसिमका प्रश्नहरू प्रारम्भिक तहमा मात्र उपयोगी ठहर्छन् । यस किसिमका प्रश्नका उदाहरण :

क) केटाले हानेको मट्याङ्ग्राले ढुकुरको चुच्चामा लाग्यो ।

ख) ढुकुरले कल्पलताले घर लिएर गइन् ।

**ग) जोडा मिलाउने प्रश्न**

जोडा मिलाउने प्रश्न पनि मूलतः प्रारम्भिक तहकै विद्यार्थीका लागि बढी उपयुक्त ठहर्छन् । "व्यक्ति, वस्तु, धारणा आदि सम्बन्धी कुराहरूलाई दुई समुहमा राखेर प्रायः पछिल्लो समूहलाई छ्यासमिस बनाई अघिल्लो समूहको निर्देशित ठाउँमा पछिल्लो समूहको उपयुक्त सङ्केत उल्लेख गर्ने वा धर्को तानेर देखाउनु पर्ने किसिमका प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ । (शर्मा र पौडेल, २०६७ : १६४) । यस्ता प्रश्नमा प्रायः उत्तर खण्ड बढी हुनुपर्ने मानिन्छ । यस्ता प्रश्नहरू परिभाषा, घटना, मिति, शब्दार्थ आदि कुराहरू जाँच्न प्रयोग गरिन्छन् । (अधिकारी र शर्मा, २०६१:१४८) । जस्तैः

| खण्ड क | खण्ड ख |
|---|---|
| अगेनो | बन्दोबस्त |
| जोरजाम | दाउरा बाल्ने ठाउँ |
| मजदुरी | एकोहोरिएर |
| टोलाएर | ज्यालादारी |

उपयुक्त विभिन्न खाले प्रश्नहरूमध्ये विद्यालय तहका पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासमा बहुवैकल्पिक प्रश्न स्तरीय हुने भन्दै खासै उपयोगमा ल्याइएको छैन ।

# अध्याय : तीन

## अनुसन्धान विधि र प्रक्रिया

### अनुसन्धात्मक ढाँचा

शोधका प्रकृतिले यसका विधि/प्रविधि तथा उपकरणहरूमा भिन्नता आउँछ। प्रस्तुत शोधकार्य मूलतः पुस्तकालयीय विधिमा आधारित रहेको छ। यस शोधकार्यमा निम्न अध्ययन विधि तथा प्रक्रियाहरू अपनाइने छ। प्रस्तावित अध्ययन गुणात्मक अध्ययन नभएर परिमाणात्मक अध्ययन हो। उक्त अध्ययनको ढाँचा यस प्रकार रहेको छ।

नमुना छनोटमा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकलाई छनौट गरिएको छ साथै प्राथमिक र द्वितीय सामग्रीको प्रयोग गर्दै पुस्तकालयीय र वर्णनात्मक विधि अपनाई व्याख्या विश्लेषण र तालिकीकरण समेत गरिएको छ।

### तथ्याङ्क सङ्कलन स्रोत

प्रस्तावित शोधमा निम्न दुई किसिमका सामग्रीहरू उपयोगमा ल्याइएको छ :

#### प्राथमिक सामग्री

यो शोधपत्र कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययनमा केन्द्रित रहेकाले प्राथमिक सामग्री अर्न्तगत पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा (२०७३) प्रकाशित कक्षा नौको पाठ्यपुस्तकलाई प्रमुख आधारका रूपमा लिइएको छ।

#### द्वितीय/गौण सामग्री

प्रस्तावित शोधमा शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरू, प्रकाशित खोजमूलक लेखहरू, प्रतिवेदनहरू, भाषा शिक्षण सम्बन्धी पुस्तकहरू आदि द्वितीय स्रोतको रूपमा उपयोग गरिएको छ।

### तथ्याङ्क विश्लेषण विधि

अध्ययनका लागि सामग्री सङ्कलन गरिसकेपछि पुस्तकालयीय, वर्णनात्मक र विश्लेषणात्मक विधिलाइ उपयोग गरी नमुना अभ्यासको अध्ययन र विश्लेषण गरिएको छ। आवश्यकता अनुसार अध्ययनका क्रममा तालिकीकरण समेत गरिएको छ।

## अनुसन्धान प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ । यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्रीहरू सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पाठ्यपुस्तकहरू, शीर्षकसँग सम्बन्धित शोधपत्रहरू, भाषाशिक्षण सम्बन्धी पुस्तकहरू, लेखरचना, टिपोट, प्रतिवेदनहरू साथै प्रकाशित र अप्रकाशित शोधपत्रबाट सामग्रीहरू सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गरिसकेपछि पुस्तकालयीय विधिलाई आधार बनाएर विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तालिकीकरण समेत गरिएको छ । प्रस्तुत शोधपत्र निर्माण गर्दा कक्षा ९ को भाषापाठ्य पुस्तकमा भएका नमुना अभ्यासहरूको अध्ययन, विश्लेषण गरिएको छ ।

# अध्याय : चार

## नमुना अभ्यासको विधागत व्याख्या र विश्लेषण

### विषय प्रवेश

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासले विद्यार्थीहरूमा भाषिक सीप विकासमा सहयोग पुऱ्याउँछ । उनीहरूको भाषिक व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने विधाका पाठअनुरूप स्तर, तह, रुचि, क्षमता सुहाउँदो गरी नमुना अभ्यास निर्धारण गरिएको हुनुपर्दछ । यो अध्यायको यो शीर्षकमा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा विधागत रूपबाट व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा कथा, कविता, जीवनी, निबन्ध, संवाद, चिठी, निवेदन विधालाई छुट्टाछुट्टै शीर्षकमा रहेर व्याख्या विश्लेषण र तालिकीकरण समेत गरिएको छ । यसरी व्याख्या र विश्लेषण गर्नुभन्दा पहिले कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा रहेका सबै पाठहरूलाई विधागत र प्रश्नका प्रकृतिगत रूपमा एकमुष्ठ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.१ : कक्षा नौको नेपाली पाठ्यपुस्तकमा भएका प्रश्नहरूको सङ्ख्यात्मक विवरण

| क्र.सं. | विधा | सङ्ख्या | बोधात्मक प्रश्न | सिर्जनात्मक प्रश्न | प्रयोगात्मक प्रश्न | व्याख्या विश्लेषणात्मक प्रश्न | वस्तुगत प्रश्न | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | कथा | ४ | ९७ | २७ | ३६ | ७ | ३५ | २०२ | ३०.२३ |
| २. | कविता | ३ | ४१ | ९ | २९ | ८ | १० | १०० | १५.०७ |
| ३. | जीवनी | २ | ४२ | ६ | २१ | ८ | १७ | ९४ | १४.१५ |
| ४ | निबन्ध | २ | ३४ | १० | ११ | ७ | १६ | ७७ | ११.५९ |
| ५. | संवाद, वक्तृता र दैनिकी | ३ | ६६ | १३ | २२ | ७ | १४ | १२२ | १८.३७ |
| ६. | चिठी र निवेदन | २ | ३४ | १ | १९ | ४ | १२ | ७० | १०.५४ |
| | जम्मा | १६ | ३१४ | ६६ | १३८ | ४१ | १०४ | ६६४ | १०० |
| | प्रतिशत | | ४७.२८ | १० | २१ | ६.१७ | १५.६६ | | १०० |

**कथा विधा अन्तर्गत समाविष्ट प्रश्नहरूको व्याख्या र विश्लेषण**

कथा विधा विद्यालयको तल्लो तहदेखि उच्च तहसम्म प्रभावकारी र निकै लोकप्रिय विधा हो । माध्यमिक तहका विद्यार्थीहरूका निमित्त कथाले विषयवस्तुमा रुचि जगाउने, कथा कथन गर्ने सीपको विकास गराउने जस्ता ध्येयका साथ नमुना अभ्यास छनोट गर्न उपयोगी विधाको रूपमा मानिन्छ । यस तहमा लोककथा, पौराणिक/ऐतिहासिक कथा, आधुनिक कथालाई छनोट गरिएको पाइन्छ । भाषिक संरचना, शब्दभण्डारको वृद्धि, उखान टुक्का, पर्यायवाची, विपरीतार्थी, पारिभाषिक शब्दको खोज तथा प्रयोग गर्न कथा शिक्षणले सघाउँछ । यहाँ कथा विधा अन्तर्गत व्याकरण पक्षभन्दा भिन्न रहेका बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, व्याख्या विश्लेषण गर्ने तथा वस्तुगत किसिमका प्रश्नहरूका आधारमा, प्रश्नहरूको सङ्ख्यात्मक प्रतिशतका आधारमा तालिकीकरण गरी तिनको विश्लेषण गरिएको छ ।

तालिका नं. ४.२ : कथा विधाका प्रश्नहरूको व्याख्या र विश्लेषण

| क्र. सं. | शीर्षक | बोधात्मक प्रश्न | सिर्जनात्मक प्रश्न | प्रयोगात्मक प्रश्न | व्याख्या विश्लेषणात्मक प्रश्न | वस्तुगत प्रश्न | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खाली ठाउँ भर्ने | ठिक बेठिक | जोडा मिलाउने | बहुवैकल्पिक | |
| १. | अनारको बोट | ४१ | ८ | ७ | १ | | ५ | | | ६२ |
| २. | निद्रा | २० | ७ | १२ | १ | | ५ | ६ | | ५१ |
| ३. | डाक्टर अङ्कल | २० | ९ | ६ | २ | | ४ | ५ | | ४६ |
| ४. | बन्धनबाट मुक्ति | १६ | ३ | ११ | ३ | | ५ | ५ | | ४३ |
| | जम्मा | ५७ | २७ | ३६ | ७ | | १९ | १६ | | २०२ |
| | प्रतिशत | ४८.०१ | १३.३६ | १७.८२ | ३.४६ | | ९.४० | ७.९२ | | १०० |

उपर्युक्त तालिकाअनुसार कक्षा नौमा कथा विधा अन्तर्गत जम्मा चारवटा कथाहरू रहेका छन् । जसमा व्याकरण पक्ष (कार्यमूलक व्याकरण) भन्दा बाहेकका नमुना अभ्यासका प्रश्नहरू जम्मा

२०२ वटा रहेका छन् । उक्त प्रश्नहरू अभ्यास खण्ड, शब्दभण्डार खण्ड, उच्चारण र हिज्जे खण्ड तथा सिर्जनात्मक अभ्यास खण्ड रहेका छन् । यस कथा विधामा जम्मा ९७ वटा बोधात्मक प्रश्न छन् । जसमा औषत प्रश्नहरू मध्ये कथा विधामा ४८.०१ प्रतिशत रहेको देखिन्छ । सिर्जनात्मक प्रकृतिका प्रश्न २७ वटा (१३.३६प्रतिशत) प्रयोगात्मक प्रश्नहरू ३६ वटा (१७.८२ प्रतिशत), व्याख्या र विश्लेषणात्मक प्रश्नहरू ७ वटा (३.४६ प्रतिशत) र वस्तुगत प्रश्नहरू ३५ वटा (१७.३२ प्रतिशत) रहेका छन् ।

यसप्रकार तुलनात्मक रूपमा बोधात्मक प्रश्नहरूको सङ्ख्या बढी रहेको देखिन्छ । विद्यार्थीले आफ्नो मौलिक तर्क तथा मौन अध्ययनबाट अभ्यास गर्न सकिने किसिमले त्यस्ता प्रश्नहरू उपयोगी नै देखिन्छन् । छोटा छरिता उत्तर दिन मिल्ने, पाठअनुसार जस्ताको तस्तै उत्तर दिन सकिने यस किसिमका प्रश्नहरू माध्यमिक तहमा उपयोगी नै मानिन्छन् । भाषिक सीप विकास गराउन तथा लेखन क्षमता वृद्धि गर्न प्रयोगात्मक प्रश्न प्रभावकारी देखिन्छ । वस्तुगत प्रश्न अन्तर्गत ठीक बेठीक छुट्याउन, जोडा मिलाउने प्रश्न प्रयोग गरिएको देखिन्छ भने बहुवैकल्पिक र खाली ठाउँ भर्ने प्रश्न कथा विधाको अन्तमा राखिएको देखिँदैन । ठीक बेठीक छुट्याउने प्रश्नहरू १९ वटा राखिएको छ भने १६ वटा जोडा मिलाउने प्रश्न निर्धारण गरिएको छ साथै सातवटा व्याख्या र विश्लेषणात्मक प्रश्नहरू रहेका छन् । वस्तुगत प्रश्नहरूको सन्तुलन भने देखिँदैन । यस्तै नमुना अभ्यासमा सिर्जनात्मक प्रकृतिका प्रश्नहरू २७ वटा रहेका छन् । यस्ता प्रकृतिका प्रश्नमा निकै जोड दिने प्रयास गरिएको छ । यस्ता प्रश्नबाट विद्यार्थीहरूमा स्वतन्त्र रूपले उत्तर खोजेर लेख्न सक्ने क्षमताको विकास सम्भव हुन्छ ।

यसरी बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, व्याख्या विश्लेषणात्मक, वस्तुगत प्रश्नहरूको अध्ययनमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारओटै सीपहरूलाई बढी जोड दिएको पाइन्छ । यो राम्रो पक्ष हो । शर्मा र पौडेल (२०६७ : २) को "माध्यमिक कक्षाहरूमा बोध र अभिव्यक्तिका मौखिक अभ्यासलाई अधिक समय दिनु बान्छनीय हुन्छ ।" भन्ने कुराले यसलाई पुष्टि गर्छ । कथा विधा अन्तर्गत विविध प्रकृतिका प्रश्नहरूको केही नमुना तल प्रस्तुत गरिएको छ ।

**बोधात्मक प्रश्न**

१. कल्पलताको गाउँ कस्तो थियो ?(ने.पृ.६)

२. चोआलालाई किन थोरै मात्र खान दिइयो ?(ने.पृ.१५५)

**सिर्जनात्मक प्रश्न**

१. तपाईले सुनेको कुनै एउटा लोककथा सिलसिला मिलाएर लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ? (ने.पृ.११)

२. दिइएका बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् :

एउटा जङ्गलमा हात्ती र बाँदर ............. सँगै मिलेर बस्नु ............. सँगै खानेकुरा खोजेर खानु ............. एक दिन “को ठुलो” भन्ने विषयमा झगडा हुनु ............. लाटोकोसेरालाई झगडा छिनिदिन अनुरोध गर्नु ............. लाटोकोसेरालाई दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु ............. खोला तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु ............. खोला तर्नु ............. नरिवलको रुख ज्यादै अग्लो हुनु ............. हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन भन्नु ............. बाँदरलाई नरिवल बोक्न अप्ठ्यारो हुनु ............. हात्तीले मुखमा च्याप्नु ............. लाटोकोसेराले नरिवल कसरी ल्यायौँ भनी सोध्नु ............. उनीहरूले यथार्थ जवाफ दिनु ............. दुवैले समान कार्य गरेकाले दुवैले आ-आफ्ना काममा ठुला छौँ भनी लाटोकोसेराले निर्णय सुनाउनु ............. दुवैले एक आपसमा माफी माग्नु ............. पुनः ती दुवै जना मिलेर बस्नु ............. आफ्नो काममा सबैको उत्तिकै महत्व हुन्छ भन्ने सन्देश ( ने.प.१५८)

**प्रयोगात्मक प्रश्न**

यस अन्तर्गत वाक्यमा प्रयोग गर्ने, उच्चारण गर्ने, सच्याएर कापीमा सार्ने, पाठ पढेर कक्षामा सुनाउने आदि जस्ता प्रश्नहरू रहेका छन् । केही उदाहरण यस प्रकार तल प्रस्तुत गरिएको छ :

१. वाक्यमा प्रयोग गर :

षड्यन्त्र, आकर्षित, उन्मूलन, राजिनामा (ने.पृ.६७)

२. तलका शब्द ठीकसँग उच्चारण गरेर कक्षामा सुनाउ :

बर्बराउनु, शङ्कालु, बर्खास्त, प्रतिष्ठा (ने.पृ.६४)

३. सच्याएर सार :

बुढिको मिरत शरीर जलाउने समय बित्दै थियो । (ने.पृ.१५०)

४. पाठका अनुच्छेदहरू हाउभाउसहित पालैपालो पढ्नुहोस् :(ने.पृ.६५)

**वस्तुगत प्रश्न**

यस अन्तर्गत ठीक बेठीक छुट्याउने, जोडा मिलाउने प्रश्नहरू राखिएका छन् । उदाहरण :

**अ) पाठका आधारमा ठीक बेठीक छुट्याऊ :**

क) एउटा केटाले रुखमा बसिरहेको ढुकुरलाई गुलेलीले हान्यो । (ने.पृ.६)

ख) मास्टर चुआलाल एकाउन्न वर्षमा विधुर भए । (ने.पृ.१५४)

आ) तलका शब्दसँग त्यसमुनिका वाक्यमा दिइएका रेखाङ्कित शब्दको अर्थ खोजी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| भत्किएको | केही दिनदेखि बादल लागेर धुम्मिएको थियो |
| बादलले ढाकिएको | घरको अवस्था भताभुङ्ग बन्न पुग्यो |
| बेहाल | त्यस घरका किसान र केटाकेटीहरूको बिचल्ली भयो |
| बिजोग | उसैबाट आज यस्तो दुर्गति भएको थियो |

तुलनात्मक रूपमा खाली ठाउँ भर्ने प्रश्न राखिएको छैन र अन्य सबै प्रकृतिका प्रश्नहरूलाई सिलसिलेवर रूपमा मिलाउने प्रयास गरिएको छ । बोधात्मक, प्रयोगात्मक र व्याख्या विश्लेषणात्मक प्रश्नहरू पाठअनुरूप नै तय गरिएका छन् । प्रयोगात्मक प्रश्नमा निकै विविधता रहेको छ । यो राम्रो पक्ष हो । वस्तुगत प्रश्न अन्तर्गत बहुवैकल्पिक र खाली ठाउँ भर्ने प्रश्नहरू दिइएको छैन । समग्रमा वस्तुगत र सिर्जनात्मक प्रकृतिका प्रश्नहरू कम देखिन्छन् भने बोधात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरू बढी छन् भने अन्य प्रश्नहरू उपयुक्त र स्तरअनुरूप नै रहेका छन् ।

## कविता विधा

### कविता विधाअन्तर्गत समाविष्ट प्रश्नहरूको व्याख्या र विश्लेषण

कविता विधा कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा तिनवटा राखिएको पाइन्छ । माध्यमिक तहका कक्षाहरूमा गति यति मिलाई लयबद्ध रूपमा सस्वरपठनको अभ्यास गराउनु

कविता शिक्षणाको उद्देश्य हो । यस्तै कविताप्रति रुचि जगाउनु, कल्पना शक्तिको विकास गर्नु अन्तत भाषिक सीपको विकास गर्नु गराउन कविता विधाले सहयोग पुऱ्याउँछ । कविता विधा अन्तर्गत व्याकरण अभ्यासभन्दा भिन्न रहेको बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, व्याख्या विश्लेषणात्मक तथा वस्तुगत किसिमका प्रश्नका आधारमा सङ्ख्यात्मक प्रतिशत निकाली तिनको तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४.३ : कविता विधा अन्तर्गत समाविष्ट प्रश्नहरूको विश्लेषण

| क्र.सं. | शीर्षक | बोधात्मक | सिर्जनात्मक | प्रयोगात्मक | विश्लेषणात्मक | वस्तुगत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खा | ठी/बे | जो | बै | |
| १. | यात्रा सुरु गरौं | १८ | ५ | ६ | ५ | ५ | | | | ३९ |
| २. | वसन्त कोकिल | १८ | १ | १३ | | | | | | ३२ |
| ३. | सयरङ्ग इन्द्रेणी | २३ | ३ | १० | ३ | | ५ | | | ४४ |
| | जम्मा | ४१ | ९ | २९ | ८ | ५ | ५ | | | ९७ |
| | प्रतिशत | ४२.२६ | ९.२७ | २९.८९ | ८.२४ | १०.३० | | | | १०० |

उपर्युक्त तालिका अनुसार कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा जम्मा तीनवटा कविताहरू समाविष्ट छन् । लय वाचनलाई निकै महत्व दिँदै सबै क्षेत्र विशेषका प्रश्नहरू समावेश गरिएको छ । कार्यमूलक व्याकरण अभ्यास बाहेक जम्मा ९७ वटा प्रश्नहरू रहेका छन् । जसअनुरूप बोधात्मक प्रश्न कुल प्रश्न सङ्ख्याको ४२.२६ प्रतिशत, सिर्जनात्मक प्रश्न कुल प्रश्नको ९.२७ प्रतिशत रहेका छन् । त्यस्तै प्रयोगात्मक प्रश्न २९.८९ प्रतिशत, विश्लेषणात्मक प्रश्न ८.२४ प्रतिशत र वस्तुगत प्रश्न खाली ठाउँ भर्ने र ठीक बेठीक छुट्याउने कुल प्रश्न सङ्ख्याको १०.३० प्रतिशत रहेका छन् ।

यसरी उपर्युक्त तालिकाका प्रश्नसङ्ख्यालाई हेर्दा बोधात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरू तुलनात्मक रूपले बढी देखिन्छन् । त्यसपछि क्रमश वस्तुगत, सिर्जनात्मक र विश्लेषणात्मक

प्रकृतिका प्रश्नहरू रहेका छन् तहका दृष्टिले बोधात्मक, प्रयोगात्मक, सिर्जनात्मक, विश्लेषणात्मक प्रश्नहरू बढी हुनु उपयुक्त नै छ किनकि कविता विधाको अन्त्यमा भावबोध सम्बन्धी अभ्यासात्मक प्रश्नहरू राखिनु राम्रो पक्ष हो । प्रयोगात्मक पक्ष अन्तर्गत कविता लयबद्ध वाचन गर्ने वाक्यमा प्रयोग गर्न लगाउने, शुद्ध उच्चारण गर्न लगाउने, कविताका श्लोक सार्न लगाउने किसिमका प्रश्नहरू कक्षा नौका विद्यार्थीहरूका लागि पाठअनुरूप उपयुक्त ढङ्गले यथेष्ट मात्रामा राखिएको पाइन्छ । कविता शिक्षणको उद्देश्य सिर्जनात्मक र विश्लेषणात्मक क्षमताको विकास गराउनु हो । अतः विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास गराउने ध्येयले कुल प्रश्न सङ्ख्याको ९.२७ प्रतिशत प्रश्नहरू यस प्रकृतिका छन् । यसलाई अझ बढाएको भए राम्रो हुन्थ्यो । वस्तुगत प्रकृतिको प्रश्न भने एकदम न्यून रहेको देखिन्छ । कविता विधाअन्तर्गत रहेका विविध प्रकृतिका प्रश्नहरूको नमुना तल प्रस्तुत गरिएको छ ।

**बोधात्मक प्रश्न**

१. हामीले सजाएका सपनाहरू के-के हुन् ?(ने.पृ.१५)

२. 'वसन्त कोकिल' कविताका कवि को हुन् ? (ने.पृ.७३)

**सिर्जनात्मक प्रश्न**

१. 'वसन्त कोकिल' कविताको ढाँचामा वर्षा ऋतु शीर्षकमा कविता रचेर कक्षामा सुनाऊ? ( ने.पृ.७९)

२. तल कवितामा तिन प्रकारका लय दिइएका छन् तिमध्ये कुनै एउटा ढाँचामा किसान शीर्षकमा कविता लेख्नुहोस् । (ने.पृ.१२७)

**प्रयोगात्मक प्रश्न**

यस अन्तर्गत लय वाचन गर्ने, वाक्यमा प्रयोग गर्ने, उच्चारण गर्ने, शुद्दसँग कापीमा सार्ने आदि प्रकृतिका प्रश्नहूरु रहेका छन् । जस्तैः

१. 'वसन्त कोकिल' कविता सुनेर त्यसै अनुसार पालैपालो वाचन गर्नुहोस् ।(ने.पृ.७२)

२. वाक्यमा प्रयोग गर :

वसन्त, पालुवा, लता, कोकिल (ने.पृ.७०)

३. तलका शब्द शुद्दसँग उच्चारण गर :

कलकण्ठ, प्रसन्नता, वृष्टि, वृक्ष (ने.पृ.७३)

४. सच्याएर कापीमा सार :

कोकील, मञ्जरि, विक्ष (ने.पृ.७५)

५) कविताको चौँथो गद्याशंको श्रुतिलेखन गर्नुहोस् : (ने.पृ.१४)

**व्याख्या विश्लेषणात्मक प्रश्न**

१. अब एउटा नयाँ जीवन सुरु गरौँ ।

जहाँबाट हामी थकान रोपेर भागेको थियौँ ।

२. तल दिइएका शब्दका अर्थ भन :

मञ्जरी, पालुवा (ने.पृ.७३)

**वस्तुगगत प्रश्न**

वस्तुगत प्रश्नका विविध प्रकारमध्ये कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकको कविता विधामा खाली ठाउँ भर्ने र ठीक बेठीक छुट्याउने प्रश्नमात्र राखिएको पाइन्छ । उदाहरण :

१. पाठको पहिलो श्लोक सुनि ठीक बेठीक छुट्याउनुहोस् :

अ) गाउँ पनि हाम्रै हो सहर पनि हाम्रै हो ।

आ) यही देशमा हामी जिउनु पर्छ यहीँ पौरख गर्नुपर्छ । (ने.पृ.१२२)

२. खाली ठाउँ भर :

अ) .................... को सानो बुझाउने शब्द टुकी हो । (अँध्यारो, उज्यालो, बत्ती) (ने.पृ.१५)

उपर्युक्त पशनहरूलाई हेर्दा कक्षा ९ का विद्यार्थीहरूको रुचि क्षमता र स्तरलाई ख्याल गरी सबै प्रकृतिका प्रश्नहरू सिलसिलेबर रूपमा राख्ने प्रयास गरिएको छ । कविता विधाले अपेक्षा गर्ने किसिमका प्रश्नहरूको छनोट गर्ने काम भएको छ । पाठ्यक्रमका उद्देश्यहरूलाई समेत ध्यान दिई

प्रश्नहरू तय गर्ने प्रयास भएको देख्न सकिन्छ । सबै प्रकृतिका प्रश्नहरूको सन्तुलन मिलेकै देखिन्छ ।

**जीवनी विधा अन्तर्गत समाविष्ट प्रश्नहरूको व्याख्या र विश्लेषण**

कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा जीवनी विधा दुईवटा रहेका छन् । कक्षा नौमा जीवनी विधा राखिनुको उद्देश्य बोध क्षमताको विकास गर्न, शब्दभण्डार क्षमताको विकास गराउन, चारित्रिक सद्प्रवृत्तिको विकास गराउनु नै हो । जीवनी विधाअर्न्तगत व्याकरण अभ्यासभन्दा भिन्न रहेका बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, विश्लेषणात्मक तथा वस्तुगत किसिमका प्रश्नका आधारमा प्रश्नहरूको सङ्ख्यात्मक प्रतिशत निर्धारण गरी तिनलाई तालिकामा समेत प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४.४ : जीवनी विधामा समाविष्ट प्रश्नहरूको विश्लेषण

| क्र.सं. | शीर्षक | बोधात्मक | सिर्जनात्मक | प्रयोगात्मक | विश्लेषणात्मक | वस्तुगत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खा | ठी/बे | जो | बै | |
| १. | सङ्गीतज्ञ रामशरण दर्नाल | २० | ३ | १० | ४ | | ५ | ५ | | ४७ |
| २. | आङ साङ सुकी | २२ | ३ | ११ | ४ | | ५ | २ | | ४२ |
| | जम्मा | ४२ | ६ | २१ | ८ | | १० | ७ | | ९४ |
| | प्रतिशत | ४४.६८ | ६.३८ | २२.३४ | ८.५१ | १८.०८ | | | | १०० |

प्रस्तुत तालिकाअनुसार कक्षा नौको नेपाली पाठ्यपुस्तकमा जम्मा दुईवटा जीवनी विधा राखिएको छ । उक्त जीवनीमा एक राष्ट्रिय र एक अन्तर्राष्ट्रिय व्यक्तित्वको जीवनी रहेको देखिन्छ । व्याकरणको नमुना अभ्यास बाहेक जम्मा ९४ वटा प्रश्नहरू निर्धारण गरिएको छ । जसअनुरूप कुल प्रश्न सङ्ख्यामा ४४.६८ प्रतिशत प्रश्नहरू बोधात्मक प्रकृतिका छन् । त्यस्तै कुल प्रश्न

सङ्ख्याको ६.३८ प्रतिशत सर्जनात्मक, २२.३४ प्रतिशत प्रयोगात्मक, ८.५१ प्रतिशत व्याख्या विश्लेषण तथा १८.०८ प्रतिशत प्रश्नहरू वस्तुगत प्रकृतिका देखिन्छन् ।

तुलनात्मक रूपमा बोधात्मक प्रश्नहरूको सङ्ख्या बढी देखिन्छ । जीवनी विधाको नमुना अभ्यासमा बोधात्मक प्रश्नहरू नै बढी रहनु उपयुक्त हुन्छ । किनकी कक्षा नौमा जीवनी विधा राखिनुको मुख्य उद्देश्य बोध क्षमताको विकास गराउनु नै हो । यसर्थ बोधात्मक प्रश्नहरू बढी हुनु जीवनी विधाका नमुना अभ्यासको सबल पक्ष हो । यस्तै बोधात्मक प्रश्नपछि क्रमश प्रयोगात्मक प्रश्न, वस्तुगत प्रश्न (ठीक बेठीक छुट्याउने र जोडा मिलाउने) विश्लेषणात्मक र सिर्जनात्मक प्रकृतिका प्रश्नहरू सङ्ख्यात्मक रूपमा बढीबाट कम सङ्ख्यातिर रहेको देखिन्छन् । प्रयोगात्मक प्रश्न निकै बढी देख्न सकिन्छ । यस्तै सिर्जनात्मक अभ्यास केही कम निर्धारण गरिएको छ । प्रयोगात्मक प्रश्नमा वाक्यमा प्रयोग गर्ने, जीवनी पढेर सुनाउने, शुद्दसँग उच्चारण गर्ने, शुद्द पारेर कापीमा सार्ने जस्ता विविधतामूलक प्रश्नहरू तय गरिएका छन् जुन राम्रो पक्ष हो । प्रश्नको सन्तुलन अन्य विधाको प्रश्नको तुलनामा मिलेको देख्न सकिन्छ । जीवनी विधा अन्तर्गत रहेका विविध प्रकृतिका प्रश्नहरूको नमुना तल प्रस्तुत गरिएको छ ।

**बोधात्मक प्रश्न**

१. रामशरणको स्वास्थ्य बाल्यकालमा कसरी बित्यो ? (ने.पृ.२६)

२. आङ साङ सुकीको बाल्यकाल सम्बन्धी चिनारी के हो ? (ने.पृ.११६)

**सिर्जनात्मक प्रश्न**

१. आफ्ना एक जना निवेत्त शिक्षकका गुणदोष समेत औंल्याई जीवनी तयार गर्नुहोस् । ( ने.पृ.११९)

**प्रयोगात्मक प्रश्न**

१. आङ साङ सुकीको जीवनी सारांशमा पालैपालो पढेर सुनाउ । (ने.पृ.११५)

२. वाक्यमा प्रयोग गर :

राजनीति, कार्यालय, कानुन, नजरबन्द (ने.पृ.११७)

३. तलका शब्द शुद्दसँग सार :

वीद्यार्थी, बिश्व, ग्यान (ने.पृ.११७)

४. प्रष्टसँग उच्चारण गर :

स्वतन्त्रता, प्रतिबन्ध, अन्तर्राष्ट्रिय (ने.पृ.११४)

**व्याख्या विश्लेषणात्मक प्रश्न**

१. बाहिर बसेर देश चलाउनेलाई गाली गर्नुभन्दा त्यहीँ बसेर देश बनाउने अभियानमा लाग्नुपर्छ । (ने.पृ.११६)

**वस्तुगत प्रश्न**

१. ठीक बेठीक छुट्याऊ :

अ) म्यानमार सन् १९४८ मा जापानबाट स्वतन्त्र भएको हो । (ने.पृ.११४)

आ) रामशरण नेपाली सेनाको व्यान्डका नाइके थिए । (ने.पृ.२४)

यसरी तुलनात्मक रूपमा जीवनी विधाको नमुना अभ्यासमा बोधात्मक प्रश्नहरू बढी राखिएको देखिन्छ । जुन राम्रो पक्ष हो । किनकी बोधक्षमताको विकास गराउनु जीवनी विधाको मुख्य उद्देश्य हो । सोही कुरालाई ध्यान दिई प्रश्नहरू निर्धारण गरिएको छ । सिर्जनात्मक प्रकृतिका प्रश्नहरू भने केही कम छन् । उक्त विधामा तय गरिएका अन्य प्रश्नहरू विद्यार्थी अनुकुल नै देखिन्छन् ।

## निबन्ध विधामा समाविष्ट प्रश्नहरूको व्याख्या र विश्लेषण

कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा निबन्ध विधाका पाठहरू जम्मा दुईवटा रहेका छन् । उक्त तहमा निबन्ध राखिनुको मुख्य उद्देश्य पठनबोध क्षमताको विकास गर्न भनी पाठ्यक्रममा उल्लेख गरिएको छ । यस विधा अन्तर्गत व्याकरण अभ्यासभन्दा भिन्न रहेको बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, विश्लेषणात्मक तथा वस्तुगत किसिमका प्रश्नका आधारमा प्रश्नहरूको सङ्ख्यात्मक प्रतिशत निर्धारण गरी तिनलाई तालिकामा समेत प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४.५ : निबन्ध विधामा समाविष्ट प्रश्नहरूको विश्लेषण

| क्र. सं. | शीर्षक | बोधात्मक | सिर्जनात्मक | प्रयोगात्मक | विश्लेषणात्मक | वस्तुगत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खा | ठी/बे | जो | बै | |
| १. | म को हुँ | १२ | ७ | ४ | ५ | | ४ | ५ | | ३७ |
| २. | जैविक खेती | २२ | ३ | ७ | २ | | ७ | | | ४१ |
| | जम्मा | ३४ | १० | ११ | ७ | | ११ | ५ | | ७८ |
| | प्रतिशत | ४३.५८ | १२.८२ | १४.१० | ८.९७ | | २०.५१ | | | १०० |

प्रस्तुत तालिकाअनुसार वर्तमान कक्षा नौको नेपाली पाठ्यपुस्तकमा जम्मा २ निबन्ध विधा राखिएको छ । उक्त विधामा व्याकरणका नमुना अभ्यास बाहेक कुल ७८ वटा प्रश्नहरू निर्धारण गरेको देखिन्छ । जसअनुरूप कुल प्रश्न सङ्ख्यामा सबैभन्दा बढी अर्थात् ४३.५८ प्रतिशत प्रश्नहरू बोधात्मक प्रकृतिका छन् । यसैगरी कुल प्रश्नमा १२.८२ प्रतिशत सिर्जनात्मक, १४.१० प्रतिशत प्रयोगात्मक, ८.९७ प्रतिशत विश्लेषणात्मक र २०.५१ प्रतिशत वस्तुगत प्रकृतिका प्रश्नहरू रहेका देखिन्छन् ।

यसरी तुलनात्मक रूपमा बोधात्मक प्रश्नहरू बढी देखिन्छन् । त्यसपछि क्रमशः वस्तुगत, प्रयोगात्मक, सिर्जनात्मक र व्याख्यात्मक प्रकृतिका प्रश्नहरू रहेका छन् । निबन्ध विधा शिक्षणको उद्देश्य नै बोधक्षमताको विकास गराउनु रहेकोले बोधात्मक प्रश्नहरू बढी राखिनु सान्दर्भिक देखिन्छ । उक्त बोधात्मक प्रश्नहरू पाठ्यक्रमका उद्देश्य पूर्तिमा सहायक छन् भने विद्यार्थीको स्तर अनुरूप सुहाउँदिला पनि देखिन्छन् । वाक्यमा प्रयोग गर्ने, शुद्ध उच्चारण गर्ने सार्न लगाउने तथा सृजनात्मक प्रश्नहरू कक्षा ९ का विद्यार्थीका लागि रुचिपूर्ण तथा स्तर अनुकुल राख्ने प्रयास गरिएको छ । आफ्ना अनुभवलाई सङ्गठित रूपमा प्रस्तुत गर्न सिर्जनात्मक प्रश्न धेरै राखिनु उपयुक्त हुन्छ । निबन्ध विधामा ठिक बेठिक र जोडा मिलाउने प्रकृतिका वस्तुगत प्रश्न निर्धारण गरिएको छ यो राम्रो पक्ष हो । निबन्ध विधा अन्तर्गत रहेका विविध प्रकृतिका प्रश्नहरूको नमुना तल उल्लेख गरिएको छ ।

**बोधात्मक प्रश्न**

१. चोरीको माल बाँड्ने माध्यम के हो ? (ने.पृ.३५)

२. रासायनिक खेतीले माटोलाई के गर्छ ? (ने.पृ.८५)

**सिर्जनात्मक प्रश्न**

१. 'सूचना विस्तार र आजको विश्व' शीर्षकमा एउटा निबन्ध लेख्नुहोस् ।(ने.पृ.८७)

**प्रयोगात्मक पक्ष**

१. शिक्षकले निर्देशन दिएअनुसार पाठका अनुच्छेदहरू पालैपालो सस्वरवाचन गर्नुहोस् । (ने.पृ.८४)

२. तलका शब्द शुद्धसँग उच्चारण गर ।

प्राङ्गारिक, पृष्ठभूमि, आविष्कार, कृत्रिम (ने.पृ.८४)

३. सच्याएर कापिमा सार :

जिबन, आग्ग्याँकारि (ने.पृ.३६)

**वस्तुगत प्रश्न**

वस्तुगत प्रश्नमा ठिक बेठिक छुट्याउने र जोडा मिलाउने प्रश्नहरू राखिएका छन् ।

१. ठिक बेठिक छुट्याऊ :

क) जैविक खेतीमा प्राङ्गारिक मलको प्रयोग हुँदैन ।(ने.पृ.८४)

ख) फुल रिसाउँछ, बेसरी गर्जेर गाली गर्छ । (ने.पृ.३५)

२. शब्द र अर्थको जोडा मिलाऊ : (ने.पृ.३७)

| | |
|---|---|
| घनिष्ट | सुमधुर |
| हितग्ध | निकटतम |

### वक्तृता/दैनिकी/संवादात्मक विधामा समाविष्ट प्रश्नहरूको व्याख्या र विश्लेषण

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा वक्तृता/ दैनिकी र संवादात्मक विधा अन्तर्गत पाठहरू जम्मा तीनवटा रहेका छन् । जसमा एउटा संवाद र अर्को वक्तृता र १ वटा दैनिकी रहेको छ । भाषाका विशेषताहरूमा अभ्यस्त गराइ हाउभाउ, चेष्टा, मुखमुद्रा अनुरूप उपयुक्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्ने मुख्य ध्येयले वक्तृता/संवादात्मक विधा छनोट गरिएको हुन्छ । जे होस् बोलाइ सीपको विकासका लागि दैनिकी विधा महत्वपूर्ण हुन्छ । यस विधा अन्तर्गत व्याकरण अभ्यासभन्दा बाहेक रहेका बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, विश्लेषणात्मक तथा वस्तुगत प्रकृतिका प्रश्नका आधारमा प्रश्नहरूको सङ्ख्यात्मक प्रतिशत निकाली तिनलाई तालिकामा समेत प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४.६ : वक्तृता/संवाद/दैनिकी विधामा समाविष्ट प्रश्नहरूको विश्लेषण

| क्र. सं. | शीर्षक | बोधात्मक | सिर्जनात्मक | प्रयोगात्मक | विश्लेषणात्मक | वस्तुगत (खा ठी/बे जो बै) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व (वक्तृता) | १४ | ५ | ७ | १ | ५ | ३२ |
| २. | महिला हिंसा (संवाद) | २६ | ४ | ४ | ४ | ५ | ४३ |
| ३. | मंगलका ती दिन (दैनिकी) | २६ | ४ | ११ | २ | ४ | ४७ |
| | जम्मा | ६६ | १३ | २२ | ७ | १४ | १२२ |
| | प्रतिशत | ५४.०९ | १०.६५ | १८.०३ | ५.७३ | ११.४७ | १०० |

उपर्युक्त तालिका अनुसार वर्तमान कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त वक्तृता/दैनिकी/संवाद विधाको व्याकरण अभ्यास बाहेकका नमुना अभ्यासमा बोधात्मक प्रश्नहरू बढी भएको देखिन्छ । कूल ६६ वटा प्रश्न सङ्ख्या रहेका छन् जसमध्ये ५४.०९ प्रतिशत प्रश्नहरू बोधात्मक प्रकृतिका छन् । त्यसै गरी कूल प्रश्न सङ्ख्याको १०.६५ प्रतिशत सिर्जनात्मक, १८.०३

प्रतिशत प्रयोगात्मक, ५.७३ प्रतिशत विश्लेषणात्मक र ११.४७ प्रतिशत वस्तुगत प्रकृतिका प्रश्नहरू रहेका छन् ।

यसरी उपर्युक्त प्रश्न सङ्ख्या र प्रतिशतलाई हेर्दा बोधात्मक प्रकृतिका प्रश्नहरू तुलनात्मक रूपमा बढी देखिन्छन् । त्यसपछि क्रमशः बढ्दोबाट घट्दो क्रममा प्रयोगात्मक, वस्तुगत, सिर्जनात्मक, विश्लेषणत्मक प्रकृतिका प्रश्नहरू रहेका छन् । दैनिकी विधा पाठ्यपुस्तकमा राखिनुको उद्देश्य बोलाइ सीप अर्थात अभिव्यक्ति शिल्पको विकास गराउनु हो । यसर्थ उक्त विधामा राखिने नमुना अभ्यासमा सिर्जनात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरू बढी राखेर बोधात्मक प्रकृतिका प्रश्नहरू केही कम राखिएको भए उपयुक्त हुन्थ्यो । सिर्जनात्मक प्रकृतिका प्रश्नहरू त निकै कम मात्रामा राखिएको देखिन्छ, यो दुर्बल पक्ष मान्न सकिन्छ । यद्यपि विधाका पाठ अनुरूप विद्यार्थीको स्तर ख्याल गरी सुहाउँदो ढङ्गले सिर्जनात्मक अभ्यास अन्तर्गत “छुवाछुत उन्मुलनमा विद्यार्थीको भूमिका” भन्ने विषयको वक्तृता लगाइएको छ । (ने.पृ.५१) यो सबल पक्ष हो । त्यस्तै ‘महिला र पुरुष बीचको भेदभावको बारेमा तयार गर्ने अभ्यास राखिएको छ भने आ-आफ्ना परिवेशमा तपाईले अनुभव गर्नु भएका लैङ्गिक विभेदका बारेमा कक्षामा प्रस्तुत गर्नुहोस् । (ने.पृ.१३५) राखिएको छ, यसरी बोलाइ सीपको विकास गर्ने प्रमुख ध्येयले प्रश्नहरू तय गरेको देखिन्छ । त्यस्तै वस्तुगत प्रश्नहरू पनि केही मात्रामा निर्धारण गरिएको पाइन्छ । यस विधा अन्तर्गत विविध प्रकृतिका प्रश्नहरूको नमुना तल प्रस्तुत गरिएको छ ।

**बोधात्मक प्रश्न**

१. पहिला छोरी प्रतिको व्यवहार कस्तो थियो ?(ने.पृ.१३४)

२. मानव बेचविखन र ओसारपसारको तस्करी बढ्नाका कारणहरू के-के हुन् ? (ने.पृ.४८)

३. मङ्गला किन वनमा गएकी हुन् ?(ने.पृ.९५)

**सिर्जनात्मक प्रश्नहरू**

१. सामाजिक न्याय विषया एउटा संवाद तयार गर्नुहोस् । (ने.पृ.१३८)

२. तलका विषयमा वक्तृता तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । (ने.पृ.५१)

क) भूकम्पीय सुरक्षाप्रति हाम्रो दायित्व

ख) छुवाछुत उन्मूलनमा विद्यार्थीको भूमिका

**प्रयोगात्मक प्रश्न**

१. माथिको वक्तृताको अनुच्छेदलाई हाउभाउसहित पालैपालो पढ्नुहोस् । (ने.पृ.४८)

२. शुद्धसँग उच्चारण गर ।

प्रहसन, पुरस्कृत, प्रस्फुटन, गुजुल्टी (ने.पृ.९४)

३. वाक्यमा प्रयोग गर :

प्रतिभा, अंगेनो, परिक्रमा (ने.पृ.९४)

घ. वस्तुगत प्रश्न

ठिक बेठिक छुट्याउनुहोस् :

१. मङ्गला भविष्यमा कलाकार बन्न चाहन्छिन् । (ने.पृ.९४)

२. दाइजो प्रथाका बारेमा कसै कसैले मात्रै सुनेका छन् । (ने.पृ.१३४)

**चिठी/निवेदन विधामा सामाविष्ट प्रश्नहरूको व्याख्या र विश्लेषण**

कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा चिठी निवेदन विधाका पाठहरू जम्मा दुईवटा रहेका छन् । एउटा चिठी र अर्को निवेदन राखिएको छ । उक्त तहमा चिठी/निवेदन विधा राखिनुको मुख्य उद्देश्य चिठी तथा निवेदन लेखन क्षमताको विकास गराउनु हो । यस विधा अन्तर्गत व्याकरण अभ्यासभन्दा भिन्न रहेका बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, विश्लेषणात्मक तथा वस्तुगत किसिमका प्रश्नका आधारमा प्रश्नहरूको सङ्ख्यात्मक प्रतिशत निर्धारण गरी तिनलाई तालिकीकरण समेत गरी व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४.७ : चिठी/निवेदन विधामा समाविष्ट प्रश्नहरूको विश्लेषण

| क्र.सं. | शीर्षक | बोधात्मक | सिर्जनात्मक | प्रयोगात्मक | विश्लेषणात्मक | वस्तुगत | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | खा | ठी/बे | जो | बै | |
| १. | बहिनीलाई चिठी | १३ | १ | ९ | ४ | ५ | | १ | | ३३ |
| २. | छात्रवास | २१ | | १० | १ | | ५ | १ | | ३८ |
| | जम्मा | ३४ | १ | १९ | ५ | | १२ | | | ७१ |
| | प्रतिशत | ४७.८८ | ४० | २६.७६ | ७.०४ | | १६.९० | | | १०० |

उपर्युक्त तालिका अनुसार कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा एउटा चिठी र एउटा निर्देशन राखिएको देखिन्छ । व्याकरणको नमुना अभ्यास बाहेक उक्त विधामा जम्मा ७१ वटा प्रश्नहरू तय गरेको पाइन्छ । जस अनुरूप कूल प्रश्न सङ्ख्यामा सबैभन्दा बढी ४७.८८ प्रतिशत प्रश्नहरू बोधात्मक प्रकृतिका छन् । त्यस्तै कूल प्रश्न सङ्ख्याको २६.७६ प्रतिशत प्रयोगात्मक, १६.९० प्रतिशत, वस्तुगत ७.०४ प्रतिशत विश्लेषणात्मक १.४० प्रतिशत सिर्जनात्मक प्रश्नहरू रहेका देखिन्छन् ।

तुलनात्मक रूपमा चिठी/निवेदन विधाका नमुना अभ्यासमा बोधात्मक प्रश्नहरू बढी देखिन्छन् भने त्यसपछि क्रमशः प्रयोगात्मक, वस्तुगत, विश्लेषणात्मक र सिर्जनात्मक प्रकृतिका प्रश्नहरू रहेका देखिन्छन् । चिठी/निवेदन शिक्षणको उद्देश्य नै चिठी तथा निवेदन लेखन क्षमताको विकास गराउनु हो, तसर्थ सिर्जनात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरू नमुना अभ्यासमा बढी राखिनु अत्यन्त सान्दर्भिक र उपयुक्त देखिन्छ, चिठी/निवेदन लेख्न प्रोत्साहन गर्ने सन्दर्भमा यस्ता प्रश्नहरू उत्तम ठहर्छन । कक्षा ९ का विद्यार्थीका लागि स्तर सुहाउँदो ढङ्गले घरायसी चिठी लेख्नु लगाउनु, प्रधानाध्यापकलाई निवेदन लेख्न लगाउने प्रकृतिका प्रश्न राखिनु राम्रो पक्ष हो । यस विधा अन्तर्गत विविध प्रकृतिका प्रश्नहरूको नमुना तल प्रस्तुत गरिएको छ :

**बोधात्मक पक्ष**

१. छात्रावासबाट कस्ता विद्यार्थी बढी लाभान्वित हुन सक्दछन् ? (ने.पृ.१४२)

**सिर्जनात्मक प्रश्न**

१. आफन्तको निधनमा लेखिने समवेदना पत्रको नमुना तयार पार्नुहोस् ।(ने.पृ.५८)

२. बालबालिकालाई बजारिया खाना, खाजाको रूपमा नदिई घरेलु खानेकुरामा नै जोड दिन आग्रह गर्दै गाउँमा खेती गरी बस्नु भएका मामालाई चिठी लेख्नुहोस् । (ने.पृ.५७)

**प्रयोगात्मक पक्ष**

१. चिठी लेख्ने श्रद्धा दिदीको बानी तथा व्यवहार कस्तो होला ? चिठी पढेका आधारमा कक्षामा छलफल गर्नुहोस् । (ने.पृ.५५)

२. बहिनीलाई चिठी पालैपालो सस्वरवाचन पठन गरी कक्षामा सुनाउनुहोस् । (ने.पृ.५५)

३. सच्याएर लेख ।

मलाइ विस्वास छ, तीमीले यस्ता जानेका कुरालाइ आफ्नो जिवनमा उतारने छउ ।(ने.पृ.५७)

**वस्तुगत प्रश्न**

१. पाठका आधारमा वाक्य पूरा गर ।

क) ......................... को अभावले मानिसहरू बढी मात्रामा अग्निमान्द्य खाना खा छ ? ( बुद्धि, चेतना, पैसा) (ने.पृ.५५)

ख) हामीले विशेषगरी .................................. खानामा जोड दिनुपर्ने रहेछ । (क्षार प्रधान, मसलादार, नुनिलो) (ने.पृ.५५)

**शब्दभण्डारगत प्रश्नहरूको विश्लेषण**

नेपाली भाषा शिक्षणका सन्दर्भमा शब्दार्थ शिक्षणको उद्देश्य शब्दभण्डार क्षमताको विकास गर्नु हो । जसका लागि नमुना अभ्यासमा राखिएका शब्दभण्डार सम्बन्धी प्रश्नहरूमा विविधता हुनु जरुरी हुन्छ । पर्यायवाची, अनेकार्थी, विपरीतार्थी, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक शब्द, उखान टुक्का, वाक्यमा प्रयोग गर्न लगाउने सम्बन्धी प्रश्नहरू तय गरिनुपर्छ । अनि मात्र विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको पर्याप्त विकास हुन पुग्छ । उमेर, स्तर र तह अनुकुल लोक, पौराणिक, सामाजिक, शैक्षिक, प्राविधिक आदि क्षेत्रका शब्दहरू सरलदेखि जटिल क्रममा स्तर वृद्धि गराउने ढङ्गले शब्दहरू तय गरिनु उपयुक्त मानिन्छ । यहाँ कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा

शब्दभण्डार खण्डअन्तर्गत समाविष्ट शब्दभण्डारको प्रस्तुतीगत विवरण प्रस्तुत गरी तिनको विश्लेषण समेत गरिएको छ ।

तालिका नं. ४.८ : शब्दभण्डारको प्रस्तुतीगत विवरण

| क.सं. | शब्दको किसिम | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विपरीतार्थी | २५ | १७.६ |
| २. | पर्यायवाची | ५ | ३.५२ |
| ३. | श्रुतिसमभिन्नार्थक | ६ | ४.२२ |
| ४. | अनुकरणात्मक | १६ | ११.२६ |
| ५. | उखान/टुक्का | १३ | ९.१५ |
| ६. | अनेकार्थी | ४ | २.८१ |
| ७. | वाक्यमा प्रयोग | ७३ | ५१.७ |
| | जम्मा | १४२ | १०० |

उपर्युक्त तालिकाअनुसार कक्षा नौको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको शब्दभण्डार अभ्यासमा समावेश गरिएका शब्दहरूको विवरण रहेको छ । विभिन्न प्रकृतिका शब्दहरूको तथ्याङ्कीय सूचनाहरूको आधारमा छनोट भएका शब्दहरूको कुल सङ्ख्या १४२ रहेको छ ।

शब्दभण्डार अभ्यासमा रहेका शब्दहरूमा क्रमश: विपरीतार्थी शब्द २५ अर्थात कुल सङ्ख्याको १७.६ प्रतिशत, पर्यायवाची शब्द ५ अर्थात कुल सङ्ख्याको ३.५२ प्रतिशत, श्रुतिसमभिन्नार्थक शब्द ६ अर्थात कुल सङ्ख्याको ४.२२ प्रतिशत, अनुकरणात्मक शब्द १६ अर्थात कुल सङ्ख्याको ११.६६ प्रतिशत, उखान/टुक्का १३ अर्थात कुल सङ्ख्याको ९.१५ प्रतिशत, अनेकार्थी शब्द ४ अर्थात कुल सङ्ख्याको २.८१ प्रतिशत र वाक्यमा प्रयोग गर्न लगाउने ७३ अर्थात कुल सङ्ख्याको ५१.४ प्रतिशत रहेको देखिन्छ ।

यसरी शब्दभण्डार अभ्यासअन्तर्गतका शब्दहरूलाई हेर्दा सबैभन्दा बढी अभ्यासहरूमा वाक्यमा प्रयोग गर्न लगाउने शब्दहरू राखिएको देखिन्छ । विपरीतार्थी शब्दहरू २५ वटा छन् भने पर्यायवाची शब्द ५ वटा मात्र रहेका छन् । यसलाई आवश्यक मात्रामा थप्नुपर्ने देखिन्छ । यसैगरी अनुकरणात्मक शब्द १६ वटा राखिएको छ भने जुन विद्यार्थीहरूलाई भाषिक सीपहरू नसमेटिएको देखिन्छ । शब्दभण्डार सम्बन्धी अभ्यासहमा पर्यायवाची, श्रुतिसमभिन्नार्थी अनेकार्थी शब्दहरू तुलनात्मक रूपमा कम भएको देखिन्छ । यसलाई आवश्यक मात्रामा समेट्नुपर्ने देखिन्छ ।

## भाषिक सिपगत आधारमा प्रश्नहरूको वितरण र विश्लेषण

भाषिक सीपको विकास गराउनु भाषा शिक्षणको उद्देश्य हो । भाषा शिक्षणको पुरक सामग्रीका रूपमा भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । उक्त भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा भाषिक सीपको विकास गराउने गरी अभ्यासात्मक प्रश्नहरू तय गरिएको हुन्छ । भाषाका चारैवटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको यथोचित विकास गराउने उद्देश्यले समानुपातिक ढङ्गले प्रश्नहरू तय गरिनु उपयुक्त ठहर्छ । यद्यपि भाषिक सीपको आपसी सम्बन्धलाई ख्याल गरी प्रश्नहरू राखिनु पर्छ । यहाँ कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा रहेका (व्याकरण बाहेकका प्रश्नहरू) प्रश्नको भाषिक सिपगत आधारमा सङ्ख्यालाई प्रतिशतमा ढालि तालिकीकरण समेत गरी तिनको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ४.९ : भाषिक सिपगत आधारमा प्रश्नहरूको वितरण र विश्लेषण

| क.सं. | पाठशीर्षक | विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | अनारको बोट | कथा | ४ | ४ | ६ | ८ | |
| २. | यात्रा सुरु गरौं | कविता | ४ | ७ | ४ | ४ | |
| ३. | सङ्गीतज्ञ रामशरण दर्नाल | जीवनी | ३ | ३ | ३ | ८ | |
| ४. | म को हुँ ? | निबन्ध | ४ | ४ | ४ | ९ | |
| ५. | मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व | वक्तृता | ३ | ४ | ४ | ५ | |
| ६. | बहिनीलाई चिठी | चिठी | ३ | ६ | ३ | ९ | |
| ७. | निद्रा | कथा | ३ | ४ | ६ | ९ | |
| ८. | वसन्त कोकिल | कविता | ३ | ४ | ४ | ६ | |
| ९. | जैविक खेती | निबन्ध | ३ | ३ | ४ | १० | |
| १०. | मङ्गलाका तिन दिन | दैनिकी | ३ | ६ | ५ | १० | |
| ११. | डाक्टर अङ्कल | कथा | ३ | ४ | ४ | ७ | |
| १२. | आङसान सुकी | जीवनी | ३ | ६ | ५ | ७ | |
| १३. | सय रङ इन्द्रेणी | कविता | ३ | ४ | ३ | ९ | |
| १४. | महिला हिंसा | संवाद | ३ | ३ | ३ | ४ | |
| १५. | छात्रावास | निवेदन | ३ | ४ | ३ | ९ | |
| १६. | बन्धनबाट मुक्ति | कथा | ४ | ३ | २ | ७ | |
| | जम्मा | | ५२ | ६९ | ६३ | १२४ | ३०८ |
| | प्रतिशत | | १६.८८ | २२.४ | २०.४५ | ४०.२५ | १०० |

उपर्युक्त तालिकामा भाषिक सीपसम्बन्धी अभ्यासात्मक प्रश्नहरूको सङ्ख्या र त्यसलाई प्रतिशतमा ढाली वर्गीकरण प्रस्तुत गरिएको छ । उक्त तालिकाअनुसार सबैभन्दा बढी लेखाइ सीपसँग सम्बन्धित प्रश्न १२४ वटा अर्थात कुल प्रश्न सङ्ख्या ३०८ को ४०.२५ प्रतिशत रहेको देखिन्छ । त्यस्तै सुनाइ सीपसँग सम्बन्धित प्रश्न ५२ अर्थात कुल सङ्ख्याको १६.८८ प्रतिशत, बोलाइ सीपसँग सम्बन्धित प्रश्न ६९ वटा अर्थात कुल प्रश्न सङ्ख्याको २२.४ प्रतिशत, पढाइ सीपसँग सम्बन्धित प्रश्न ६३ अर्थात कुल प्रश्नको २०.४५ प्रतिशत रहेको देखिन्छ ।

यसरी सबैभन्दा बढी प्रश्नहरू लेखाइ सीपसँग सम्बन्धित रहेका देखिन्छन् । त्यसपछि क्रमशः बढ्दोबाट घट्दो क्रममा बोलाइ, पढाइ, सुनाइ सीपसँग सम्बन्धित प्रश्नहरू रहेका देखिन्छन् । माध्यमिक तहका कक्षाहरूमा लेखाइ सीप विकास गर्ने किसिमका प्रश्नहरू सुनाइ, बोलाइ, पढाइ सीपभन्दा बढी देखिन्छ । जुन उपयुक्त देखिन्छ । सबै भाषिक सीपको समानुपातिक ढङ्गले प्रश्नहरू तय गरिएको छ । जसले गर्दा विद्यार्थीहरूको चारवटै भाषिक सीपमा विकास हुने देखिन्छ । प्रत्येक विधाका पाठका अन्त्यमा सोही विधाअनुरूप मिल्दो तवरले भाषिक सिपगत प्रश्नहरू तय गरिएको छ तर समानुपातिक वितरण भने पाइँदैन । कविता, संवाद, वादविवाद जस्ता विधामा सुनाइ र बोलाइ सीपमा जोड दिने प्रयास गरिएको छ । जो राम्रो पक्ष हो । त्यस्तै कथा विधामा कथा लेखन, निबन्ध विधामा निबन्ध लेखन, चिठी विधामा चिठी लेखन जस्ता पक्षमा जोड दिने प्रयास गरिएको छ । जो राम्रो पक्ष हो । भाषिक सीपमा विशेष जोड दिई केही प्रश्नहरू निर्माण गरिएको पाइन्छ । जुन अत्यन्तै प्रभावकारी पक्ष हो । यद्यपि सबै भाषिक सीपको सन्तुलन हुने गरी प्रश्नहरू भने निर्माण गरिएको छैन । भाषिक सीपसँग सम्बन्धित प्रश्नहरूको नमुना तल प्रस्तुत गरिएको छ ।

**सुनाइ सीपसम्बन्धी प्रश्न**

१. कविताको पहिलो गद्यांश सुनी मौखिक उत्तर दिनुहोस् । (ने.पृ.१४)

अ) हामीले हाम्रो यात्रा किन सुरु गर्नुपर्छ ?

२. कविताको दोश्रो गद्यांश सुन्नुहोस् र त्यहाँ उल्लेख भएका सांस्कृतिक नाच वा पर्वको नाम भन्नुहोस् ।

**बोलाइ सीपसम्बन्धी प्रश्न**

१. तपाई आफुले आजैदेखि सुरु गर्न सक्ने कुनै दुई सकारात्मक कामहरू कक्षामा सुनाउनुहोस् । (ने.पृ.१४)

**पढाइ सीपसम्बन्धी प्रश्न**

१. पाठ पढी तलका शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् । (ने.पृ.१४२)

| | |
|---|---|
| विद्यालय | कोशिस |
| विद्यार्थी पाठशाला | |
| निकै | छात्रछात्रा |
| प्रयास | ज्यादै |

२. पाठका अनुच्छेदहरू हाउभाउसहित पालैपालो पढ्नुहोस् । (ने.पृ.६५)

**लेखाइ सीपसम्बन्धी प्रश्न**

१. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (ने.पृ.९६)

क) मङ्गलाको विद्यालयको नाम के हो ?

ख) भविष्यमा तपाई के बन्न चाहनुहुन्छ ?

२. शिक्षकको सहयोगमा सतीप्रथाका बारेमा एक अनुच्छेद लेख्नुहोस् । (ने.पृ.६६)

३. पाठबाट चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्द खोजेर शिक्षकलाई देखाउनुहोस् ।

(ने.पृ.१२४)

### व्याकरण सम्बन्धी अभ्यासगत प्रश्नहरूको विश्लेषण

जुनसुकै भाषाको पनि आफ्नै नियम, संरचना र व्यवस्था हुन्छ । व्याकरण भनेको सम्बन्धित भाषाका मूल वक्ताहरूका भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हुन् (शर्मा र पौडेल, २०६७:२१७) । परम्परागत मान्यता अनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विद्यालाई व्याकरणलाई भनिन्छ । जे होस् विशुद्ध भाषिक ज्ञान प्राप्त गर्न तथा ध्वनि, वर्ण, अक्षर, शब्द, वाक्य, अनुच्छेद तथा संरचनाबारे मार्गनिर्देशन गर्ने काम व्याकरणले गर्दछ । वर्णविन्यास शब्दनिर्माण वाक्यतत्वका साथै शब्दवर्गमा पर्ने नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय अनि व्याकरणिक कोटिमा पर्ने

लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष आदिको चिनारी भाषा विषयको अभ्यास खण्डमा प्रस्तुत गरिएको छ । वर्तमान कक्षा नौको नेपाली पाठ्यपुस्तकका अभ्यास खण्डमा 'कार्यमूलक व्याकरण' भने व्याकरणका तत्वहरूको पहिचान आगमनात्मक ढङ्गले गर्ने गरी अभ्यासात्मक प्रश्नहरू निर्धारण गरिएको छ । उक्त प्रश्नहरूको सङ्क्षेपमा विवरण प्रस्तुत गरिएको छ ।

**नाम**

अर्थगत दृष्टिले कुनै व्यक्ति, वस्तु, स्थान आदिलाई जनाउने शब्दलाई नाम भनिन्छ । (न्यौपाने र अन्य, २०६७ : ११३) अभ्यासमा नाम पद चिन र अलगअलग सूची बनाऊ भनेर पाठ्यपुस्तकको दोश्रो पाठमा प्रश्नहरू राखिएको छ । जसमा कार्यमूलक ढङ्गले नाम शब्दको पहिचान गर्ने प्रश्नहरू तय गरिएका छन् । त्यस्तै चौँथो पाठको अभ्यास खण्डमा पनि नाम शब्द टिप भनि एउटा प्रश्न राखिएको छ । केहि प्रश्नका उदाहरणहरू :-

१. यात्रा सुरु गरौँ कवितामा प्रयोग भएका नाम शब्दहरू खोजेर लेख्नुहोस् । (ने.पृ.१७)

२) तलका अनुच्छेद पढेर नाम शब्दको सूची बनाऊ ।(ने.पृ.१६)

यसरी नामको परिचय सिकाउने उद्देश्यले नभई नाम, सर्वनाम, विशेषण आदि छुट्याउने किसिमका अभ्यासहरू यहाँ दिइएको छ । यद्यपि अभ्यासात्मक प्रश्नहरू खासै धेरै छैनन् । जस्तै : तराईमा बस्ने गोपालले एउटा गाई किन्यो । (ने.पृ.१६)

**सर्वनाम**

पुरुष (व्यक्ति)लाई जनाउने र नामको पुनरुक्तिलाई रोक्न त्यसको सट्टामा प्रयुक्त हुने शब्द सर्वनाम हो । (शर्मा मोहनराज, २०५३ : १३) पाठ्यपुस्तकको दोश्रो पाठको अभ्यासमा सर्वनाम सम्बन्धी प्रश्नहरू तय गरिएका छन् । उक्त प्रश्नहरू पाठअनुरूप मिल्दो तवरले छनोट गरिएको देखिन्छ । पुस्तकको दोश्रो पाठमा प्रशस्त मात्रामा ति, उनी, उनीहरू, हामी, म जस्ता सर्वनामहरू पाइने र अभ्यास खण्डमा पनि कार्यमूलक व्याकरण भनेर सर्वनामसँग सम्बन्धित प्रश्नहरू राखिन अत्यन्त सान्दर्भिक देखिन्छ । उक्त अभ्यास प्रयोगात्मक र धारणात्मक दुवै किसिमको देख्न सकिन्छ । प्रश्नहरू पढ, बुझ र चिन, पाठ पढेर नाम, सर्वनाम शब्द चिन जस्ता अभ्यासहरू राखिएका छन् । केही उदाहरणहरू :-

१. नाम र सर्वनामको प्रयोग गरि आफुलाई मनपर्ने चाडका बारेमा कविता लेख्नुहोस् । (ने.पृ.१७)

२. तलको अनुच्छेद पढि सर्वनाम छुट्याऊ । (ने.पृ.१६)

तराईमा बस्ने गोपालले गाईहरू किन्यो ति गाईहरूको दुध बेचेर ऊ पैसा कमाउँछ । (ने.पृ.१६)

यसरी विधाका पाठअनुरूप व्याकरणिक अभ्यास खण्डमा सर्वनामको छनोट गरिएको पाइन्छ। कविता विधामा नाम, सर्वनाम शब्दहरू छुट्याउन दिइएको छ। जुन उपयुक्त नै देखिन्छ।

### विशेषण

आर्थी दृष्टिले नामलाई विशिष्टीकरण गर्ने वा नामको विशेषता बुझाउने पदलाई विशेषण भनिन्छ। (न्यौपाने र अन्य, २०६७ : ११५) साथै यसले सर्वनामको समेत विशेषता बुझाउँछ। विशेषणसम्बन्धी प्रश्नहरू पाठ्यपुस्तकको दोश्रो र सातौँ पाठको अन्त्यमा व्याकरण भनी राखिएको छ। उक्त अभ्यासमा अनुच्छेद पढी विशेषणहरूको सूचि बनाऊ भनेर दिइएको छ। अनि विशेषणको प्रयोग गरेर चिठी लेख जस्ता प्रश्नहरू राखिएका छन्। केही उदाहरणहरू :-

१. विशेषण शब्दहरू प्रयोग गरी आफू नजिकैको साथीको परिचय दिनुहोस्। (ने.पृ.१७)

२. पाठमा प्रयोग भएका विशेषण शब्दहरू खोजेर लेख्नुहोस्। (ने.पृ.१७)

३. तलको अनुच्छेद पढि विशेषण शब्दको सूचि बनाऊ। (ने.पृ.१६)

तराईमा बस्ने गरिब गोपालले एउटा गाई किन्यो। उसले राम्रो खानेकुरा खुवायो।

यसअनुसार पाठअनुरूप नै विशेषणसम्बन्धी प्रश्नहरू निर्धारण गर्ने प्रयास गरिएको पाइन्छ। विशेषणको परिचय दिलाउने उद्देश्यले नभई विशेषण शब्दहरू पहिचान र तिनको प्रयोग गर्न, चिन्न सक्षम बनाउने किसिमका प्रश्नहरू तय गरिएका छन्। जुन राम्रो पक्ष हो।

### क्रियापद

कुनै कार्य, घटना, परिचय, अवस्था आदिलाई जनाउने पदलाई आर्थी दृष्टिले क्रियापद भनिन्छ। (न्यौपाने र अन्य, २०६७ : ११५) अर्को शब्दमा भन्दा वाक्य टुङ्ग्याउन प्रयोग हुने शब्दलाई क्रियापद भनिन्छ। कक्षा नौको वर्तमान पाठ्यपुस्तकको पाँचौ र सातौँ पाठमा धारणात्मक, पहिचनात्मक र प्रयोगात्मक प्रकृतिका प्रश्नहरू राखिएका छन। कुनै प्रश्नहरू पढेर बुझ्ने, कुनै चिन्ने, अनुच्छेद पढेर क्रियापद छुट्याउने जस्ता प्रश्नहरू तय गरिएका छन्। केही उदाहरणहरू :-

१. दिइएको अनुच्छेदमा रेखाङ्कित शब्दहरू क्रियापद हुन् तिनलाई सार्नुहोस्। (ने.पृ.४९)

हिजोआज युवादेखि केटाकेटीसम्मका लागि मोबाइल एक महत्वपूर्ण मनोरञ्जनको साधन बनेको छ ।

२. तलका वाक्यहरूबाट क्रियापद शब्दहरू टिप्नुहोस् । (ने.पृ.५०)

क) राम सधैँ मेहेनतमा नै विश्वास गर्ने हुँदा उसको राम्रो प्रगति भयो । परिश्रम गर्ने मानिस कहिल्यै पछि पर्दैन ।

**लिङ्ग**

यस व्याकरणात्मक कोटीले जातिको बोध गराउँछ । (शर्मा मोहनराज, २०५३ : १८) लिङ्ग ना पदको भाले वा पोथी बुझाउने व्याकरणिक कोटी हो । (यादव र रेग्मी, २०५८ : १९९) यसले नामको खास प्रकृतिलाई बुझाउँछ । कक्षा नौको वर्तमान पाठ्यपुस्तकको तेस्रो, आठौँ र बाह्रौँ पाठको नमुना अभ्यास खण्डमा आठौँमा २ वटामात्र प्रश्न र बाह्रौँमा लिङ्ग सम्बन्धी एउटा प्रश्न राखिएको छ । पहिचानात्मक प्रकृतिको पनि प्रश्न राखिएको छ । उक्त अभ्यासमा उदाहरण पढेर पदसङ्गति पहिचान गर्नुहोस् भनेर प्रश्नहरू राखिएको छ । उदाहरणः

१. बहिनी विद्यालय गई ।

२. भाइले कथा पढ्यो । (नेपाली पृ. २७)

३. मेरी छोरीले फूलबारी गाडी ।

४. उसका छोराले तरकारी पकायो ।

५. वाक्य परिवर्तनको अभ्यास गर्नुहोस् ।

अ) सानो भाइ आयो । (नेपाली पृ. ७५)

६. स्त्रीलिङ्गी क्रियापदको प्रयोग गरेर महिला साथीको बारेमा एक अनुच्छेद लेख्नुहोस् । (नेपाली पृ. ११९) ।

पाठ अनुरूप नै प्रश्नको प्रश्नको छनौट गर्ने प्रयास गरिएको भए पनि प्रश्नहरू निकै कम मात्रामा रहेका छन् ।

**वचन**

यस व्याकरणात्मक कोटिले मुख्यतः सङ्ख्याको बोध गराउँछ । (शर्मा, २०५३:१८) नामको सङ्ख्यासँगै सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । (अधिकारी, २०६६:८०) । अतः वचनको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ । कक्षा नौ को वर्तमान पाठ्यपुस्तकको आठौं पाठको अभ्यास खण्डमा वचन सम्बन्धी प्रश्नहरू राखिएको पाइन्छ भने पाठ बाह्रौंमा वचन सम्बन्धी जानकारी दिइए तापनि अभ्यासमा प्रश्नहरू यस्ता छन् । उक्त प्रश्नहरू धारणात्मक र प्रयोगात्मक किसिमका छन् । उदाहरणः

१. कोष्ठमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । (नेपाली पृ. ७६) ।
   क) हामी सिनेमा हेर्न गएका थियौं । (एकवचन)

**पुरुष**

व्यक्तिलाई बुझाउने व्याकरणको चिह्नलाई पुरुष भनिन्छ । (बराल र अन्य, २०६६:५३)

कथनका सन्दर्भमा संलग्न रहेका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो । (अधिकारी, २०६६:८८) ।

यो मूलतः सर्वनामसँग सम्बन्धित छ । कक्षा नौ को वर्तमान नेपाली पाठ्यपुस्तकको बाह्रौं पाठको अभ्यास खण्डमा पुरुषसम्बन्धी तालिका बनाइ जानकारी दिइएको छ । त्यही आधारमा धातुहरू तयार गर्न लगाइएको छ । आङसाङ सुकी शीर्षकको जीवनीमा पुरुषसम्बन्धी अभ्यासहरू दिइएको छ । यो सान्दर्भिक देखिन्छ । पाठ अनुरूप मिल्दो गरी व्याकरणको छनौट गरिएको छ । केही नमुना तल प्रस्तुत गरिएको छ ।

१. तल दिइएको तालिकाको रूप पढ्नुहोस् र त्यसै अनुसार तपाई पनि 'जो' धातुका रूपहरू तयार गर्नुहोस् । (नेपाली पृ. ११९)

प्रथम पुरुषः म नाच्छु ।

द्वितीय पुरुषः तँ नाच्छस् ।

तृतीय पुरुषः ऊ नाच्छ ।

उपर्युक्त प्रश्नहरू व्यवहारिक प्रकृतिका साथै विद्यार्थीका स्तरअनुरूप नै भएपनि कम सङ्ख्यामा रहेका छन् ।

**काल र पक्ष**

क्रियाको समयसँग सम्बन्धित रूपायन कोटीलाई काल भनिन्छ । (न्यौपाने र अन्य, २०६७ : १०१) यसरी काल भाषिक समय हो कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपानयिक कोटीलाई पक्ष भनिन्छ । (न्यौपाने र अन्य, २०६७ : १०२) काल र पक्ष एकअर्कासँग व्यक्त भएर प्रस्तुत हुन सक्ने भएकाले यहाँ एउटै शीर्षकमा राखिएको छ । काल भूत, वर्तमान र भविष्यत गरी तिन प्रकारका हुन्छन् भने पक्ष प्रत्येक कालका तिनतिनवटा हुन्छन् । उपर्युक्त सबै पक्षको छनोट कक्षा नौको पाठ्यपुस्तकको अभ्यासमा राखिएको पाइन्छ ।

पाठ्यपुस्तकको पहिलो, छैठौँ, सातौँ, आठौँ, एघारौँ, बाह्रौँ, तेह्रौँ पाठको अभ्यास खण्डमा कालसम्बन्धी अभ्यासहरू राखिएका छन् । पहिलो पाठमा भूतकाल सम्बन्धी जम्मा १५ वटा प्रश्नहरू राखिएका छन् भने पाठ ६ मा भविष्यत कालसम्बन्धी ८ प्रश्न, पाठ ७ मा वर्तमान कालसम्बन्धी ११ प्रश्न, पाठ ११ मा अपूर्ण पक्ष, अपूर्ण भूत, अपूर्ण भविष्यत् गरी ४ प्रश्नहरू राखिएको छ । पाठ १२ मा पूर्ण भूतकालका तीनवटा, पूर्ण वर्तमानकालका तिनवटा, पूर्ण भविष्यत् कालका तीनवटा प्रश्नहरू राखिएको छ । त्यसैगरी पाठ १३ मा वर्तमान कालसम्बन्धी ३ वटा, भूतकालसम्बन्धी ३ वटा, भविष्यत् कालसम्बन्धी ३ वटा, अभ्यस्त र अज्ञात भूत अन्तर्गत ४ वटा प्रश्नहरू राखिएको छ । प्रयोगात्मक प्रकृतिका प्रश्नहरू बढी भएपनि सरल, जटिल क्रमको सिद्धात अनुरूप नै प्रश्नहरू निर्धारण गरिएको देखिन्छ । जो सबल पक्ष हो ।

प्रश्नहरूलाई हेर्दा पूर्ण पक्ष अन्तर्गत भूत, वर्तमान र भविष्यत् तिनै पक्षका प्रश्नहरू छ्यासमिस पारेर प्रस्तुत गरिएको छ भने अपूर्ण पक्ष अन्तर्गत तीनवटै कालसँग सम्बन्धित प्रश्नहरू रहेका देखिन्छन् । एउटै अभ्यासबाट पूर्ण र अपूर्ण पक्षअन्तर्गतका सबै कालको धारणा बसाल्ने नीति उपयुक्त नै देखिन्छ । यस्ता प्रश्न कक्षा नौका विद्यार्थीका लागि निकै उपयोगी नै छ । पाठ्यपुस्तकमा दिइएका काल र पक्षसम्बन्धी प्रश्नका केही उदाहरणहरू निम्नअनुसार रहेका छन् ।

१. भूतकाल सम्बन्धी प्रश्न

क) तलका वाक्यलाई भूतकालका वाक्यमा बदल्नुहोस् । (ने.पृ.१०)

अ) गोठालो घाँस काट्छ ।

आ) सानी पानी ल्याउँछे ।

इ) हामी आज घरमै बस्छौँ ।

ख) पाठको अन्तिम अनुच्छेदमा भएका भूतकालका क्रियापदलाई रेखाङ्कन गर्नुहोस्।(ने.पृ.१०)

२. वर्तमान कालसम्बन्धी प्रश्न

क) तलका अनुच्छेद पढि वर्तमान कालका पक्षहरूको पहिचान गर्नुहोस् । (ने.पृ.६७)

डोल्मा, रेखा, शान्ति मेरा मिल्ने साथी हुन् । सुम्निमा, चित्रलेखा, हाकुमाया सँग पनि म साह्रै मिल्छु ।

ख) कोष्ठकमा दिइएको सङ्केतअनुसार खाली ठाउँ भर्नुहोस् । (ने.पृ.६८)

अ) कृतिका कक्षा नौमा ...................... । (पढ् : अपूर्ण वर्तमान)

आ) खालिदाले चित्र ........................... । (बन् : पूर्ण वर्तमान)

इ) महेश गीत ......................... । (गाऊ : अपूर्ण वर्तमान)

३. भविष्यत् कालसम्बन्धी प्रश्न

क) पाठमा प्रयुक्त भविष्यत् कालका कुनै चारवटा वाक्यहरू टिप्नुहोस् ।

४. पूर्ण र अपूर्ण पक्षसम्बन्धी प्रश्न

क) तलका अनुच्छेद पढि कालका अपूर्ण पक्ष पहिचान गर्नुहोस् । (ने.पृ.१०७)

म वि.सं. २०७२ साल वैशाख १२ गतेका दिन बाटामा हिँड्दै थिएँ । घाम लागिरहेको थियो । एक्कासी मानिसहरू कराइरहेका थिए । भूकम्प पो आएको रहेछ ।

यस तहमा काल र पक्ष सम्बन्धी धारणा पाठअनुरूप उदाहरण, अभ्यासमार्फत सिकाउन खोजिएको छ । प्रश्नमा सरल, जटिल क्रम अपनाइए पनि सबै कालको समानुपातिक वितरण पाइँदैन । पाठअनुरूप व्याकरणात्मक अभ्यास छनोट गर्दा यसो भएको हो, यसलाई स्वभाविक मान्न सकिन्छ ।

**भाव**

वक्ताको मनोभाव बुझाउने धातु वा क्रियासँग सम्बन्धित रूपायनिक कोटीलाई भाव, अर्थ वा वृत्ति भनिन्छ । (न्यौपाने र अन्य, २०६७ : १०२) क्रियाद्वारा वाक्यको मनोभाव वा मनोवृत्ति जनाउने कोटीलाई भाव भनिन्छ । (अधिकारी, २०६६ : १२५) नेपालीमा सामान्यार्थ, प्रश्नार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ भाव मुख्य देखिन्छन् । (यादव र रेग्मी, २०५८ : २०८) कक्षा नौको वर्तमान पाठ्यपुस्तकको पाठ १५ को अभ्यास खण्डमा क्रमश : सम्भावनार्थ, आज्ञार्थ,

इच्छार्थ सम्बन्धी ६ वटा प्रश्न राखिएको छ । चिठी विधाअन्तर्गत सम्भावनार्थ र कथा विधा (पौराणिक विधा) अन्तर्गत आज्ञार्थक सम्बन्धी प्रश्न राखिनुले पाठअनुरूप व्याकरण तत्वको छनोट भएको देख्न सकिन्छ । किनकि घरायसी चिठीमा "सन्चै होला" जस्ता सम्भावनार्थक प्रकट भएको हुने र पौराणिक कथामा आज्ञा पालन सम्बन्धी क्रियापद प्रयोग गरिएको पाइन्छ । सोहीअनुरूप भावसम्बन्धी प्रश्नहरू राखिएका छन् । जुन राम्रो पक्ष हो । तय गरिएका प्रश्नहरू बढी मात्रामा प्रयोगात्मक प्रकृतिका छन्, केही उदाहरणहरू:

१. तलका वाक्यलाई आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थमा बदल्नुहोस् । (ने.पृ.१४९)

  क) तिमी सबेरै उठ्छौ ।

  ख) तँ अक्षर राम्रो लेख्छस् ।

  ग) गुरुङ दाई काठ काट्छन् ।

२. तलका धातु प्रयोग गरी आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थमा दुईदुई वाक्य लेख्नुहोस् । (ने.पृ.१४८)

  दि, आउ, गर्, हेर्, हु

अभ्यासका रूपमा ३ वटामात्र प्रश्नहरू दिइएका छन् । कक्षा नौका विद्यार्थीहरूका लागि अभ्यासमा यस्ता प्रश्नहरू अझ बढी तय गरिएको भए राम्रो हुन्थ्यो ।

**करण र अकरण**

सकारात्मक वाक्यलाई करण वाक्य र नकरात्मक वाक्यलाई अकरण वाक्य भनिन्छ । (शर्मा मोहनराज, २०५३ : १६४) क्रियापदको सकरात्मक कोटी जनाउने करण र नकारात्मक कोटी जनाउने चाहिँ अकरण हुन्छ । (अधिकारी, २०६६ : १५६) यसर्थ अकरणलाई करणका सापेक्षतामा हेरिन्छ । कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकको १३ पाठमा एकएकवटा गरी जम्मा दुईवटा करण र अकरण सम्बन्धी प्रश्न राखिएको पाइन्छ । जसमा एउटा पहिचानात्मक र प्रयोगात्मक प्रकृतिका छन् । कक्षा नौका विद्यार्थीहरूको स्तरअनुरूप नै मिल्दो किसिमका प्रश्नहरू रहेका छन् । यद्यपि करण र अकरण सम्बन्धी अभ्यासहरू कक्षा नौका विद्यार्थीहरूका लागि अति नै कम भएको देखिन्छ । अझ अभ्यासहरू बढी भए राम्रो हुन्थ्यो । करण र अकरण सम्बन्धी प्रश्नका नमुनाहरू यसप्रकार छन् ।

१. उदाहरणमा दिएजस्तै गरी 'हराउ, सुनाउ, हिँड, बोल' धातुबाट करण र अकरणका वाक्यहरू बनाउनुहोस् । (ने.पृ.१२७)

ऊ पढ्छ । म जान्छु । सुमित्रा गइन् । (करण)

ऊ पढ्दैन । जान्न । सुमित्रा गईनन् । (अकरण)

**विभक्ति**

नामिकका पछाडि आएर कर्ता, भोक्ता, साधन, हेतु, दिशा आदि बुझाउने सम्बन्ध सुचक परसर्गहरूलाई विभक्ति भन्दछन् । (शर्मा मोहनराज, २०५३ : १४३) सामान्य विभक्तिहरूलाई कारकहरू व्यक्त गर्ने चिह्न भनिन्छ । (अधिकारी, २०६६ : १९३) अर्को शब्दमा भन्दा नामिक पदसँग जोडिएर क्रियासँग सम्बन्ध गाँस्न आउने पदलाई विभक्ति भनिन्छ । यस तहमा विभक्ति सम्बन्धी अभ्यास पाठ नौमा राखिएको छ । पाठ नौको अभ्यास खण्डमा ४ वटा कारक र विभक्ति सम्बन्धी प्रश्न राखिएको पाइन्छ । विधाका पाठअनुरूप साथै विद्यार्थीका स्तरअनुरूप उक्त प्रश्नहरू राख्ने प्रयास गरिएको छ । प्रयोगात्मक प्रकृतिका प्रश्नहरू बढी मात्रामा छन् । यससम्बन्धी प्रश्नका केही नमुना यसप्रकार छन् ।

१. पाठको दशौँ अनुच्छेदमा प्रयुक्त फरक फरक विभक्ति चिह्न प्रयोग भएका शब्दको टिपोट गर्नुहोस् । (ने.पृ.८७)

२. तलको अनुच्छेदमा रहेका कारक र विभक्ति पहिल्याई शिक्षकलाई देखाउनुहोस् । (ने.पृ.८७)

क) गोमा धेरै मेहेनती छिन् । उनी दुःखी गरीबलाई सहयोग गर्छिन् । उनी बेलाबेलामा असहायलाई खानेकुरा र कपडा दिन्छिन् ।

**लेख्य चिह्न**

भाषामा प्रयुक्त लेख्य सङ्केतहरूलाई नै लेख्य चिह्न भनिन्छ । भाव/विचारहरूलाई राम्रोसँग व्यक्त गर्न ठाउँठाउँमा आवश्यकता अनुसार लेख्य चिह्न प्रयोग गरिएन भने अर्थको अनर्थ हुन जान्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा यससम्बन्धी पाठ १३ मा ९ वटा लेख्य चिह्नहरूको प्रयोग सम्बन्धी अभ्यासत्मक प्रश्नहरू राखिएको पाइन्छ । रूपक विधाअन्तर्गत पर्ने संवाद, वादविवाद तथा अन्य विधामा प्रशस्तै मात्रामा लेख्य चिह्नहरूको प्रयोग भएको पाइन्छ । कक्षा नौको नेपाली पाठ्यपुस्तकको पाठ १३ को अभ्यास खण्डमा लेख्य चिह्न सम्बन्धी प्रश्नहरू राखिएको पाइन्छ ।

जो विधाका पाठअनुरूप लेख्य चिह्नको धारणा बसाल्ने प्रयास उपयुक्त नै रहेको देखिन्छ । यससम्बन्धी केही नमुनाहरू यसप्रकार छन्:

१. तलको अनुच्छेदमा कुन कुन लेख्य चिह्नहरू प्रयोग भएका छन्, लेख्नुहोस् । (नेपाली, पृ. १२५) ।

हाम्रा विज्ञान शिक्षक भन्नुहुन्छ, 'अहिलेको युग सूचना प्रविधिको युग हो । अहिलेको युगमा कम्प्युटर प्रविधि खास गरेर इन्टरनेटमा पहुँच नहुनेहरू धेरै पछि पर्दछन् ।'

२. तलका लेख्य चिह्नहरूको नाम र काम कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस् । (नेपाली पृ. १२४) ।

पूर्णविराम चिह्न ( । )

अल्पविराम चिह्न ( , )

प्रश्नवाचक चिह्न ( ? )

उद्गार चिह्न ( ! )

कोष्ठक चिह्न ( ( ) )

अर्धविराम चिह्न ( ; )

उद्धरण चिह्न ( "   " )

लेख्न चिह्न सम्बन्धी अभ्यास तुलनात्मक रूपमा कम देखिए पनि विद्यार्थीको स्तरलाई ख्याल गर्दै पाठ अनुरूप मिल्दो तवरले छनोट गरेको देखिन्छ ।

**वाच्य**

वाच्य भनेको भनाइ हो । वाच्यलाई तीन प्रकारमा विभाजन गरिएको छ, कर्तृ वाच्य, कर्म वाच्य र भाव वाच्य । कक्षा नौको पाठ तेह्रमा वाच्य सम्बन्धी तीनवटा प्रश्नहरू राखिएको छ । यस सम्बन्धी नमुनाहरू तल प्रस्तुत गरिएको छ :

१. कोष्ठकका आधारमा वाक्य परिवर्तन गर्नहोस् । (नेपाली पृ. १२७) ।

क) म कविता लेख्छु । (कर्म वाच्य)

ख) जयकला हाँस्छे । (भाव वाच्य)

**सङ्गति**

वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको मेल वा अनुकुलनलाई सङ्गति भनिन्छ । (अधिकारी, २०६६:७५) अभिव्यक्ति र लेखापढीमा नियम अनुरूप गरिने पदहरूको रखाइलाई पदसङ्गति भन्दछन् । (थापा, २०७०:६१) ।

कक्षा नौको नेपाली पाठ्यपुस्तकको पाठ तीनको व्याकरणिक अभ्यास खण्डमा चारवटा प्रश्नहरू राखिएको पाइन्छ । यद्यपि विद्यार्थीहरूलाई असचेत रूपमा नै व्याकरणात्मक सचेतताको विकास गर्ने गरी सङ्गति नमिलेको वाक्यलाई मिलाउने किसिमले अभ्यासको छनौट गरिएको पाइन्छ । यससम्बन्धी केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ :

१. पदसङ्गति मिल्ने गरी खाली ठाउँ भर्नुहोस् । (नेपाली पृ. २८) ।

क) फुर्वा तामाङ कक्षा कार्य गर्न निपूर्ण ........ ।

ख) ..............ले बहिनीलाई भात खुवाई ।

ग) .......... फुटबल खेल्दैछन् ।

२. तलको अनुच्छेदमा लिङ्गगत, वचनगत, पुरुषगत, आदरगत पदसङ्गतिहरू मिलाउनुहोस् । (नेपाली पृ. २८) ।

हिजो म चक्रपथमा एक्लै हिँडिरहेको थिएँ । एकान्त कुनातिर पुग्दा एउटी वृद्धा महिलाले पानी बेचिरहेको थियो । त्यही बेला अर्को केटी पनि आयो । उसले त्यस महिलालाई सहयोग गऱ्यो ।

उपर्युक्त व्याकरणीय अभ्यास विधाका पाठ अनुरूप नै छनौट गर्ने प्रयास गरिएको छ । जसले गर्दा व्याकरणिक तत्वको छनौटमा कहीँ कतै सरल, जटिल क्रम भङ्ग हुन पुगेको देखिन्छ ।

व्याकरणात्मक नमुना अभ्यास तहगत रूपले उपर्युक्त नै मान्न सकिन्छ तर व्याकरणिक कोटिका आधारमा समान वितरण भएको पाइँदैन । यसैगरी परिचयात्मक शीर्षकीकरण राखिएको छैन । जसले गर्दा केही जटिलता आउने देखिन्छ । यद्यपि कक्षा नौमा राखिएको व्याकरणात्मक अभ्यासको प्रमुख उद्देश्य परिचयको ज्ञान दिलाउने नभएर असचेत रूपमा नै व्याकरणीक अवधारणाको विकास गराउनु हो । भाषा शिक्षकले विद्यार्थीहरूले सहज मार्ग निर्देशन गर्नु, उपयुक्त किसिमको अभ्यासको छनौट गर्ने प्रयास गरिएको छ । अन्य पक्षहरू व्याकरणीक दृष्टिले स्तरअनुसार उपयुक्त नै देखिन्छ ।

## सुझाव

कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्न सुझावहरू दिन सकिन्छ ।

क) पाठ्यक्रमले तोकेको शैक्षणिक उद्देश्य पूरा गर्ने किसिमको अभ्यास राखिनुपर्ने देखिन्छ ।

ख) विद्यार्थीको स्तर, क्षमता, रुचि जस्ता पक्षलाई ध्यान दिई प्रश्नहरू तयार गरिनु पर्दछ ।

ग) संक्षिप्त उत्तरात्मक प्रश्न, प्रयोगात्मक प्रश्न, व्याख्या विश्लेषणात्मक प्रश्न सान्दर्भिक नै देखिन्छ ।

घ) अभ्यासका सबै प्रकृतिका प्रश्नहरू स्पष्ट रूपमा तोकेर निश्चित सङ्ख्यामा राखिनु पर्दछ ।

ङ) सिर्जनात्मक प्रकृतिका प्रश्नहरू केही कम छन् । यसमा सुधार गर्नु आवश्यक देखिन्छ ।

च) व्याकरणीक अभ्यास विधाका पाठ अनुरूप छनौट गर्ने प्रयास उपयुक्त छ । यद्यपि केही अभ्यास खण्डहरू कम भएको देखिन्छ । जस्तैः करण, अकरण, वाच्य । यस्ता अभ्यासहरू बढी राख्नुपर्ने देखिन्छ ।

छ) व्याकरणीय अभ्यासमा क्रमबद्धता छैन । विधाका पाठ अनुरूप क्रमवद्ध ढङ्गले ती अभ्यास छनौट गर्नुपर्ने देखिन्छ ।

ज) व्याकरणका आवश्यक पक्षहरू समेटिएको भए पनि पर्याप्त मात्रामा छैन ।

झ) खाली ठाउँ भर्ने प्रश्न केही मात्रामा देखिन्छन् भने बहुवैकल्पिक प्रकृतिका प्रश्नहरू पनि समावेश गर्नुपर्ने देखिन्छ ।

ञ) विद्यार्थीहरूको शब्दभण्डार विकास गर्न पर्यायवाची शब्द, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी आदि छुट्याएर पर्याप्त मात्रामा समावेश गर्नुपर्ने देखिन्छ ।

ट) कालका सबै प्रकार र पक्षको क्रमबद्ध धारणा बसाल्ने प्रयास गरेको देखिन्छ ।

ठ) पाठ्यक्रम, पाठ्यपुस्तक समयअनुरूप परिवर्तित हुँदा देखिने त्रुटिहरूलाई सच्याउँदै जानुपर्ने देखिन्छ ।

ड) भाषिक सीप सिकाइको मापनका लागि प्रत्येक पाठको अन्त्यमा व्याकरण मार्फत भाषिक उपलब्धि के कति भयो भन्ने मूल्याङ्कन गर्ने लक्ष्य राखेर सो सँग सम्बन्धित अभ्यास क्रमबद्ध राखिनुपर्छ ।

ढ) अभ्यासहरू विद्यार्थीको रुचि, क्षमता, स्तरअनुसार हुनुपर्ने साथै रचनात्मक, सिर्जनात्मक हुनुपर्ने, समय अनुरूप परिवेशसँग मिल्दा घटना, सन्दर्भ, शब्दभण्डारको उचित ज्ञान गराउने किसिमले अभ्यास छनौट गरिनु पर्दछ ।

ण) अभ्यास खण्डमा शिक्षकलाई समेत स्पष्ट निर्देशन दिनुपर्ने देखिन्छ ।

## अभ्यास : पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

### परिचय

नमुना अभ्यास भाषा पाठ्यपुस्तकको महत्वपूर्ण प्राज्ञिक वा आन्तरिक पक्ष हो । नमुना अभ्यास राम्रो भयो भने भाषा पाठ्यपुस्तक थप व्यावहारिक बन्न पुग्छ । नमुना अभ्यासको अध्ययन गर्नुको मूल उद्देश्य भाषा पाठ्यपुस्तकलाई अझ गुणस्तरीय बनाउन नै हो । नमुना अभ्यास सम्बन्धी अध्ययन खासै धेरै भएका छैनन् । मूलतः यस किसिमका अभ्यास विशेष प्रयोजनका लागि मात्र हुने गरेका छन् ।

भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास मूलतः पाठका आधारमा तय गरिएका, शब्द भण्डार सम्बन्धी, सिर्जनात्मक साथै व्याकरणात्मक प्रकृतिका हुन्छन् । बोधात्मक, सिर्जनात्मक, प्रयोगात्मक, व्याख्या विश्लेषण, वस्तुगत प्रकृतिका प्रश्नहरू अभ्यासमा राखिएका हुन्छन् । सिर्जनात्मक बोधात्मक प्रकृतिका प्रश्नहरू विषयगत (निबन्धात्मक र संक्षिप्त उत्तरात्मक) किसिमका पाइन्छन् । त्यस्तै सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपसँग सम्बन्धित प्रश्नहरू नेपाली पाठ्यपुस्तकका अभ्यासमा राखिएका हुन्छन् । शब्द भण्डारगत, उच्चारणगत, व्याकरणगत अभयासले गर्दा अन्य विषयको नुमना अभ्यासभन्दा भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यास भिन्न प्रकृतिका हुन्छन् ।

नमुनाअभ्यास सम्बन्धी अध्ययन अनुसन्धानहरू खासै भएको पाइँदैन । कतिपय पाठ्यपुस्तकका नमुना अभ्यासको अध्ययन भए पनि पूर्णअध्ययन भने हुन सकेको छैन । यस अध्ययनमा नमुना अभ्यासलाई सर्वाङ्गिण पक्षबाट विश्लेषण गर्ने प्रयास गरिएको छ । जसले यसको औचित्य प्रमाणित गर्न सकिन्छ । कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको अध्ययनबाट प्राप्त कुराहरूलाई सारांश, निष्कर्ष र अध्ययनको उपयोगिताका रूपमा तल प्रस्तुत गरिएको छ ।

### सारांश

प्रस्तुत अध्ययनमा कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको व्याकरण विश्लेषण गरिएको छ । यस अध्ययनमा अध्ययनका लागि विशेषतः पुस्तकालयीय अध्ययन विधि

प्रयोग गरिरी पाठ्यक्रम अनुरूप विद्यार्थीको रुचि, क्षमताअनुसार, विधागत आधारमा साथै सबल, दुर्बल पक्षको अध्ययन गरिएको छ ।

नमुना अभ्यासलाई मूलतः अभ्यास, उच्चारण र हिज्जे, शब्द भण्डार, कार्यमूलक व्याकरण र सिर्जनात्मक अभयास शीर्षकमा प्रस्तुत गरिएको छ । उक्त अभ्यासमा रहेका प्रश्नहरूलाई विधाका पाठ अनुरूप प्रस्तुत गर्ने प्रयास गरिएको छ । विद्यार्थीरुको रुचि, क्षमता र स्तरअनुरूप अभ्यास तय गर्ने प्रयास गरिएको छ । अभ्यासमा विषयगत (निबन्धात्मक र संक्षिप्त उत्तरात्मक) र वस्तुगत प्रश्नहरू स्तर अनुरूप नै निर्धारण गर्न खोजिएको छ । भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न अभ्यासात्मक प्रश्नहरू उपयुक्त भएको पाइन्छ । लेखाइ सीप सबन्धी प्रश्नहरू अधिक रहेका देखिन्छन् । यसको तुलनामा सिर्जनात्मक प्रकृतिका प्रश्नहरू कम मात्रामा छन् भने व्याकरणात्मक अभ्यास विधाका पाठ अनुरूप नै छनौट गरिएको छ, जो राम्रो पक्ष हो । व्याकरणिक अभ्यासमा प्रयोगात्मक प्रकृतिका प्रश्नहरू अधिक छन् भने धारणात्मक र पहिचानात्मक प्रकृतिका प्रश्नहरू भने आवश्यक मात्रामा नै छन् । परिचयात्मक प्रकृतिका प्रश्नहरू एउटा पनि निर्धारण गरिएको छैन । पाठ्यक्रमले निर्धारण गरे अनुसार सिर्जनात्मक प्रश्नलाई बढाउन सके विद्यार्थीमा रहेको प्रतिभा प्रष्फुटन गर्न सहयोग मिल्ने देखिन्छ । यद्यपि व्याकरण सम्बन्धी अभ्यासहरू समावेश भए तापनि पर्याप्त मात्रामा जसलाई एउटा कमजोरीका रूपमा लिन सकिन्छ । शब्द भण्डारमा श्रुतिसमभिन्नार्थक शब्द, पर्यायवाची विपरीतार्थी शब्द जस्ता अभ्यासहरू न्युन मात्रामा रहेका हुनाले यसलाई आवश्यक सुधार गर्नुपर्ने देखिन्छ । जे होस् कक्षा नौका विद्यार्थीका लागि नमुना अभ्यासको छनौट उपयुक्त नै मान्न सकिने देखिन्छ ।

## निष्कर्ष

यस शोधबाट निम्न अनुसारको निष्कर्ष प्राप्त भएका छन्:

क) कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकको नमुना अभ्यास शिक्षक तथा विद्यार्थीका लागि उपयुक्त नै देखिन्छ ।

ख) विद्यार्थीको रुचि, क्षमता, स्तर अनुरूप नै नमुना अभ्यास राख्ने प्रयास गरिएको पाइन्छ ।

ग) पाठ्यक्रमका उद्देश्यलाई ध्यान दिई अभ्यास छनोट गर्ने प्रयास गरिएको पाइन्छ ।

घ) विधाका पाठ अनुरूप अभ्यास छनोट गर्ने प्रयास गरिएको छ ।

ङ) भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपमा जोड दिई अभ्यासात्मक प्रश्नहरू तय गर्ने प्रयास गरिएको छ ।

च) पाठ्यपुस्तकका विधाहरूमा बोधात्मक, सिर्जनात्मक, विश्लेषणात्मक, प्रयोगात्मक तथा वस्तुगत प्रश्नहरू बीच तालमेल रहेको देखिन्छ । यद्यपि सिर्जनात्मक प्रकृतिका प्रश्नहरू, अन्य प्रश्नको तुलनामा कम रहेका देखिन्छन् । वस्तुगत प्रश्नमा ठिक बेठिक भर्ने प्रश्नलाई बढी प्रयोग गरिएको छ भने खाली ठाउँ र जोडा मिलाउने प्रश्न एकदमै न्यून रहेको देखिन्छ ।

छ) अभ्यासलाई मूलतः अभ्यास, शब्द भण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यास शीर्षक दिई विविधता सिर्जना गर्ने प्रयास गरिएको देखिन्छ ।

झ) विधा सम्बन्धी प्रश्नमा श्रुतिलेखन, अनुक्रम लेखन तथा विवेचनात्मक सबै किसिमका प्रश्न तर्फ ध्यान दिइएको पाइन्छ ।

ञ) शब्द भण्डारका सन्दर्भमा विपरीतार्थी, पारिभाषिक, पर्यायवाची, अनुकरणात्मक आदि अभ्यासहरू न्यून रहेको पाइएकाले आवश्यक मात्रामा बढाउनुपर्ने देखिन्छ ।

ट) विधाका पाठ अनुरूप नै शब्द भण्डारगत प्रश्नहरू तय गर्ने प्रयास गरिएको पाइन्छ ।

ठ) व्याकरण सम्बन्धी अभ्यासमा पाठ अनुरूप व्याकरण तत्वको छनोट गर्ने प्रयास गरिएको पाइन्छ, जो राम्रो पक्ष हो, यद्यपि पाठ अनुरूप व्याकरणिक प्रश्नहरू छनोट गर्दा जहाँ पायो त्यहीँ उक्त अभ्यास रहन पुगेका छन् ।

ड) कालका सबै प्रकारको क्रमबद्ध धारणा बसाल्ने अभ्यास नभएको देखिन्छ । पाठ अनुरूप अभ्यास निर्धारण गर्दा सुरलबाट जटिलतिर निर्धारण गर्नुपर्ने देखिन्छ ।

ढ) व्याकरणिक अभ्यासमा अधिकांश प्रश्नहरू विभिन्न व्याकरणिक तत्व सम्बन्धी मिश्रित किसिमका छन्, जसमा उक्त शीर्षक बारे कुनै जानकारी नदिइएकाले विद्यार्थीहरूलाई कठिनाई उत्पन्न हुने देखिन्छ ।

ण) शब्दार्थ, वाक्यमा प्रयोग, अशुद्ध शब्दलाई शुद्ध बनाउने, सच्याउने, उच्चारण गर्ने सम्बन्धी प्रश्न प्रायः सबै विधा तथा पाठमा समावेश गरिएको पाइन्छ ।

त) अन्य अभ्यासका तुलनामा व्याकरणिक अभ्यास केही अस्पष्ट छ । शीर्षकीकरणको अभावले व्याकरण शिक्षणमा शिक्षक र विद्यार्थी दुवैलाई केही कठिनाई हुने देखिन्छ ।

## उपयोगिता

कुनै पनि कार्य विना उद्देश्य गरिँदैन । त्यसको कुनै न कुनै प्रयोजन उपयोगिता हुन्छ । अनुसन्धानका उपयोगितालाई तिन तहबाट हेर्ने गरिन्छ, : नीतिगत तह, प्रयोगगत तह र भावी अध्ययन । प्रस्तुत अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासको अध्ययन भएकाले यसको उपयोगितालाई ् उक्त तिन तहमा राखेर प्रस्तुत गरिएको छ ।

### नीतिगत तह

नमुना अभ्यास पाठ्यपुस्तकको प्राज्ञिक पक्ष हो । यसले पाठ्यपुस्तकलाई थप व्यावहारिक बनाउँछ । पाठ्यपुस्तकको गुणस्तरीताको मापन गर्ने मुख्य आधार यही हो । प्रस्तुत शोधमा कक्षा नौको "नेपाली" पुस्तकको नमुना अभ्यासको अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनले उक्त नमुना अभ्यास पाठ्यक्रम अनुरूप, विधाका पाठ अनुरूप, विद्यार्थीका स्तर, रुचि, क्षमता अनुरूप छ, छैन भन्ने कुराको निक्यौल गरेको छ साथै नमुना अभ्यासको सबल, दुर्बल पक्ष केलाई सुझाव समेत प्रस्तुत गरेको छ । नमुना अभ्यासको विभिन्न कोणबाट विश्लेषण गरिएको हुँदा यो अध्ययनले नमुना अभ्यासको अध्ययनको क्षेत्रलाई फराकिलो बनाएको छ । यस अध्ययनले नमुना अभ्यासको स्तर समेत निर्धारण गर्न सहयोग पुऱ्याएको छ । साथै भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको स्थान निरूपण गर्न सहयोग गर्नेछ । अध्ययन गर्न बाँकी अन्य पाठ्यपुस्तकका नमुना अभ्यासलाई अध्ययनका लागि आधार प्रदान गर्ने छ । यिनै कुराहरू नै यस अध्ययनको नीतिगत उपयोगिता हुन् ।

### प्रयोगगत तह

कुनै पनि शोध पुरा गरी सकेपछि त्यसले कुन कुन क्षेत्रमा सहयोग गर्दछ वा त्यस शोधको कुन क्षेत्रमा प्रयोग गरिन्छ भन्ने कुरा नै सम्बन्धित शोधको प्रयोगगत तह हो । यहाँ प्रस्तुत शोधको उपयोगिताभित्र रहेर प्रयोगगत तहहरू उल्लेख गरिएको छ ।

क. पाठ्यक्रमको लक्षित उद्देश्य पुरा गर्न नमुना अभ्यास सफल छ या छैन पत्ता लगाउन मद्दत पुग्ने देखिन्छ ।

ख. प्रस्तुत अध्ययनले कक्षा नौको नेपाली पुस्तकमा प्राप्त नमुना अभ्यासको विश्लेषणबाट समस्या र कमी कमजोरीको सुधारमा सजिलो हुने देखिन्छ ।

ग. भाषा शिक्षक, सुपरिवेक्षक, प्रश्नपत्र निर्माणकर्तालाई नमुना अभ्यासको सहज/असहज पक्ष केलाई रचनात्मक सुधार गर्न उपयोगी देखिन्छ ।

घ. भाषाका विधाका प्रकृति, व्याकरणात्मक कोटिको क्रमबद्धताको अभ्यासमा हुने महत्व पहिचान गर्न सम्बन्धित पक्षलाई मद्दत पुग्ने छ ।

ङ. विभिन्न कक्षाका नमुना अभ्यास सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि थप सहयोग गर्ने छ ।

च. विधाहरूको तालमेल, व्याकरणको रखाइ, उदाहरण, प्रयोगात्मक अवधारणा उपयुक्त भए नभएको बारे अध्ययन गर्नेहरूका लागि यो अध्ययन सान्दर्भिक देखिन्छ ।

छ. पाठ्यपुस्तक निर्माण गर्न, आवश्यक सुधार र परिमार्जन गर्न यो अध्ययन सहयोगी हुने विश्वास छ ।

ज. अन्ततः भाषा शिक्षण सम्बन्धी चासो लिने जो कसैलाई यो अध्ययन सान्दर्भिक हुने छ ।

**भावी अध्ययन**

प्रस्तुत अध्ययनसँग सम्बन्धित गर्न बाँकी अध्ययन नै भावी अध्ययन हो । जुन सम्भावनाका रूपमा प्रस्तुत गरिन्छ । भावी अध्ययनका सम्भावित शीर्षकहरू यस प्रकार छन् :

क. कक्षा नौको नेपाली पुस्तकमा प्रयुक्त शब्द भण्डारको अध्ययन ।

ख. कक्षा नौको नेपाली पुस्तकमा प्रयुक्त व्याकरणिक अभ्यासको अध्ययन ।

ग. पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली पुस्तकको अध्ययन ।

घ. कक्षा नौको नेपाली पुस्तकमा प्रयुक्त वाक्य संरचनाको अध्ययन ।

ङ. कक्षा नौको नेपाली पुस्तकको सिर्जनात्मक अभ्यासको अध्ययन ।

च. भाषिक सीपगत आधारमा कक्षा नौको नेपाली पुस्तकको नमुना अभ्यासको अध्ययन ।

## सन्दर्भ सामग्री सूची


आचार्य, देवीप्रसाद (२०५९), *कक्षा छको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

उप्रेती, टीकाराम (२०६८), *कक्षा दशको नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

खत्री, आनन्दा (२०६२), *कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

जैसी, हरिराम (२०७०), *प्राथमिक तहको मेरो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

पोखेल, भानुभक्त (२०५९), *सिद्धान्त र साहित्य,* (दो.स.), पुलचोक, ललितपुर : साझा प्रकाशन ।

फुँयाल, विष्णुप्रसाद (२०७२) *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

बम, सुशील कुमार (२०७०), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा १० को वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

बोहोरा, हर्कबहादुर (२०६७), *कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

शर्मा, रमा (२०६८), *कक्षा एघारको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा समावेश भएका कथाहरूको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

सुवेदी, उर्मिला (२०६६), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।

सुवेदी, योगमाया (२०६७), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा छको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर ।